Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १८, अंक- २७, २०८२ साल माघ २० गते मंगलबार (February 3, 2026) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com



# नेपालले टि २० विश्वकप जित्न सक्ने




नेपालले यहि आउदो २५ गते क्रिकेटको टि २० विश्वकपमा प्रतिस्पर्धा गर्दैछ। भारतको खेट क्रिकेट रंगशलामा हुने प्रतियोगितमा नेपालले ईगल्याण्डसँग प्रतिस्पर्धा गर्दैछ । नेपालले पछिल्लो अन्तराष्ट्रिय खेलहरु कुनै हारेको छैन । यो पछिल्लो जितको आधारलाई मान्दा नेपालले टि २० विश्वकपम जित्ने अवसर पाउनसक्छ। हुनत हामीभन्दा निक्कै बलिया टिमहरुसाग नेपालले प्रतिस्पर्धा गदै छ ।

खेलकुदमा सधै बलिया भनिएका टिमले मात्र जित्दैनन् । फरक समयमा फरक टिमले रिजल्ट निकालेको रेकर्डहरु छन्। नेपालले पछिल्ला अन्तराष्ट्रिय खेलहरु कुनै पनि गुमाएको छैन । यो निरन्तरतालाई कायम राख्दै सवै खेल जितेर नेपाल देशले विश्वकप जितेर ईतिहास कायम गर्ने समय आएको छ। त्यसका लागि नेपालको टिम सक्षम रहेको क्यान अर्थात क्रिकेट एसोसिएसन अफ नेपालका सचिव पारास खड्काले जानकारी दिएका छन्।

रोहित पौडेलको नेतृत्वमा नेपालको विश्वकप खेल्न टिम मजबुदी भईसकेको छ । नेपालले अभ्यास खेलहरु खेल्न निस्किसकेको छ। नेपालका चर्चित खेलाडी दिपेन्द्र सिंह ऐरी, सोमापाल कामी, संदीप लामिछने, आरिफ सेख, करण केसी, कुशल भुर्तेल, नन्दन यादव, गुल्सन झा, ललित राजवंसी, शेर मल्ल, लोकेश वम रहेका छन्।

# मन्त्री पद छाडेकामध्ये सबै रास्वपामा गएका छैनन् : प्रधानमन्त्री कार्की



काठमाडौं- प्रधानमन्त्री सुशीला कार्कीले मन्त्री पदबाट राजीनामा दिएका आफ्ना क्याबिनेट सदस्यहरूबारे स्पष्ट पार्दै सबै मन्त्री राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा नगएको बताएकी छिन् । सोमबार राष्ट्रिय सभालाई पहिलो पटक सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले सरकारलाई रास्वपासँग जोडेर गरिएको प्रचारप्रति आपत्ति जनाइन् ।

प्रधानमन्त्री कार्कीका अनुसार मन्त्रिपरिषद्बाट कुलमान घिसिङ, महावीर पुन, जगदीश खरेल र बब्लु गुप्ताले पदबाट राजीनामा दिएर निर्वाचनमा होमिएका छन् । उनले मन्त्री नियुक्तिको समयमा जेनजी समूहको ठूलो दबाब रहेको उल्लेख गर्दै ती मन्त्रीहरूले मन्त्री बन्नुअघि नै राजनीतिमा सक्रिय हुने इच्छा व्यक्त गरेको बताइन् ।

'सबै मान्छे रास्वपामा गएको त होइन,' प्रधानमन्त्री कार्कीले भनिन्, 'रास्वपामा जम्मा दुई जना गए । कुलमानजीको आफ्नै पार्टी हो, महावीर पुनको पार्टी नै छैन ।' प्रधानमन्त्री कार्कीले मन्त्री पद

» बाकी ६ पृष्ठमा

# त्रिभुवन विश्वविद्यालयद्वारा परीक्षा प्रणाली विकेन्द्रीकरण सुरु



काठमाडौं- त्रिभुवन विश्वविद्यालयले स्थापनाकालदेखि हालसम्म बल्खुस्थित परीक्षा नियन्त्रण कार्यालय केन्द्रित रहेको परीक्षा प्रणालीलाई प्रदेशमा विकेन्द्रित गरेको छ ।

विद्यार्थीले वर्षौंदेखि देशका जुनसुकै कुनाबाट परीक्षा दिन पाउनुपर्ने माग गर्दै आएका थिए । पछिल्लो साता विश्वविद्यालयको स्वतन्त्र विद्यार्थी युनियनले परीक्षा नियन्त्रण कार्यालय परिसरमा धर्ना दिएका थिए । त्यसपछि कार्यालय प्रशासनले उनीहरुसँग सहमति गरेको छ ।

परीक्षालाई क्रमश: विकेन्द्रित र सूचना प्रविधिमा आधारित बनाउँदै लैजान यसपटक काठमाडौंमा यही माघ १८ देखि तय भएको तीन वर्षे स्नातक तहको मौका

» बाकी ६ पृष्ठमा


## राष्ट्रिय युवा संघले देशैभरका निर्वाचन क्षेत्रमा परिचालन कमाण्ड बनाउने

काठमाडौं- नेकपा एमालेको जनवर्गीय संगठन राष्ट्रिय युवा संघ नेपालले आसन्न निर्वाचनका लागि देशका सबै निर्वाचन क्षेत्रमा परिचालन कमाण्ड बनाउने भएको छ ।

सोमबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै युवा संघले आफ्ना पार्टीका उम्मेदवारहरूलाई जिताउनका लागि संगठनका सवै सदस्यहरूलाई परिचालित गर्दै सवै निर्वाचन क्षेत्रमा परिचालन कमाण्ड बनाउने जनाएको हो ।

पत्रकार सम्मेलनमा युवा संघका अध्यक्ष महाराज गुरुङले निर्वाचन परिचालन कमाण्डहरूले प्रचारप्रसार रणनीति बनाउने,

» बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २७,
२०८२ साल माघ २० गते मंगलबार
3 FEBRUARY 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# योग्य उम्मेद्वार हेरेर मतदान गरौं ।


फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचन हुदैछ । उक्त निर्वाचनमा राजनीतिक पार्टीहरूले आ-आफ्ना उम्मेद्वार उठाएकाछन् । यो संविधानमा उल्लेख भए अनुसार राजनीतिक दलहरूले निर्वाचनमा भाग लिन पाउने व्यवस्था छ । त्यसैगरी स्वतन्त्र उम्मेद्वारहरूले पनि निर्वाचनमा भाग लिन पाउछन् । यो प्रतिनिधिसभाको निर्वाचन देशको नीति निर्माण गर्नको लागि योग्य उम्मेद्वार आउन भनेर छानिने प्रक्रिया हो ।

यतिवेला राजनीतिक पार्टीहरूले सवै ठाउमा एउटै दलको योग्य उम्मेद्वार नहुन पनि सक्छ । कसैले हल्ला गरेर उम्मेद्वार यो पार्टीको राम्रो भनेर गलत प्रचार गरेको पनि हुन सक्छ । त्यसकारण मतदाताहरूले सोच विचार गरेर असल व्यवहार भएको नीति नियम बनाउन पढे लेखेको पनि हुनुपर्छ । पढे लेखेको पात्र भएर पनि पुग्दैन अनुभवले पनि खारिएको हुनुपर्छ । देशप्रति माया भएको पनि हुनुपर्छ । संसद भनेको लोकतन्त्रमा सदन अर्थात हलले कुनै विदेशी शक्तिको आडमा प्रभावित पारेर दुईतिहाई पुऱ्याएर देशै सक्न पनि वेर लगाउदैनन् । त्यस्कारण देशप्रति माया भएको व्याक्तिलाई मात्र संसदमा चुन्नुपर्छ ।

संसद भनेको जितेर गईसकेपछि देशको मन्त्रालय सगाल्ने अवसर पनि आउन सक्छ । त्यसैले देशभरीको भूगोलको अनुभव भएको हुनुपर्छ । यो निर्वाचन विशेष अवस्थामा हुदैछ । त्यसकारण पनि निक्कै ख्याल गर्नुपर्छ । देशमा अस्थिरताको फाईदा उठाउन अनेक खालका देशी विदेशी शक्तिहरू लागेका हुन्छन् उम्मेद्वार दरिलो गरी उभिन सक्ने आट भएको परेन भने बहाकाउमा विदेशी शक्तिको योजनामा फस्न सक्छ ।

यस्ता धेरै महत्वपूर्ण अर्थ राख्ने भएको हुनाले निर्वाचनमा मतदान गर्दा असल देशप्रेमी, समाज बुझेको, भूगोल बुझेको कहिल्यै असल साशनको लागि सम्झौता नगर्ने योग्य नेपालको हितका काम गर्ने व्याक्तिलाई चुन्नुपर्छ । तव मात्र देशको हितमा हुन्छ ।

# मतदानमा विवेक पुऱ्याउनु नागरिकको दायित्व



■ शंकरनाथ काफ्ले

> प्रदेश सरकारले विगत ७ वर्षदेखि प्रयास गरिरहेको एकीकृत प्रादेशिक प्रशासनिक संरचना निर्माणको कामको थालनी तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले २०७५ बाटै शुरू गर्नुभएको थियो । प्रदेश सरकारको स्थापनापछि राजधानीको संरचनाका लागि जग्गा खोजी कार्य थाल्नुभएका उहाँले विभिन्न स्थानका जग्गा पनि हेर्नुभयो तर निष्कर्षमा भने पुऱ्याउन सक्नुभएन । त्यसपछि मुख्यमन्त्री बन्नुभएका राजेन्द्र पाण्डे र शालिकराम जम्कट्टेलको कार्यकालमा पनि प्रयास भयो तर जग्गाप्राप्तिको प्रक्रिया टुंगोमा पुग्न सकेन ।

आगामी फागुन २१ गते संघीय संसद्को निर्वाचनमा भाग लिने सन्दर्भमा उम्मेदवारहरुले आ-आफ्नो तर्फबाट मनोनयन पत्र दाखिला गरिसकेका छन् । सन्देहका बीच अब निर्वाचन हुने पक्का भएको छ । निर्वाचन आयोगले पनि निर्वाचनको लागि आफ्नो सम्पूर्ण तयारी पूरा गरिसकेको अवस्था छ भने सरकारले पनि राजनीतिक दलहरुको विश्वास लिएर अघि बढिरहेको अवस्था छ । केही दिनअघिसम्म निर्वाचनमा भाग लिन्नौं भन्ने दलहरुसमेत निर्वाचनमा भाग लिन प्रतिबद्ध भएका छन् । स्थिति यस्तो निर्माण भएको थियो कि कुनै एक दलले निर्वाचनमा भाग लिन्नौं भनेर घोषणा गरेमा उनीहरु जनताको जनमतमा विश्वास नगर्ने शक्ति हुन् भन्ने प्रमाणित हुने निश्चित भएको थियो अर्थात् निर्वाचनमा पराजय भइन्छ भन्ने डरले मात्र निर्वाचनमा बखेडा खडा गरिरहने शक्ति भनेर आलोचित हुने पक्का थियो । आज मुलुक निर्वाचनमा होमिइसकेको अवस्था छ । अव नागरिकले दलहरुको घोषणापत्र, प्रतिबद्धता र कार्यशैलीको विश्लेषण गरेर विवेकको मत प्रयोग गर्ने संकल्प गर्नुपर्ने बेला आएको छ । यसअघिका निर्वाचनहरुभन्दा यसपटकको निर्वाचन विशेष हुनेछ भन्ने कुरामा विश्वास गर्ने आधारहरु पनि देखा परिरहेका छन् । यसपटक नागरिकले पक्कै स्वतन्त्ररुपमा विवेकको प्रयोग गरेर निर्वाचन गर्ने छन् र मुलुकको भविष्य जिम्मेवार राजनीतिक दलको जिम्मामा सुम्पने छन् ।

यसपटकको निर्वाचनमा परम्परागत राजनीतिक शक्ति र वैकल्पिक भनिएका नयाँ राजनीतिक शक्तिहरुबीच कडा टक्कर हुने अनुमान गरिएको छ । एकातिर ऐतिहासिक राजनीतिक धरातलमा उभिएका दलहरु छन्, जसले आ-आफ्नो तरिकाको विचार बोकेर विगतदेखि आजसम्म आफ्नै ढंगले कार्य गर्दै आइरहेका छन् । यसकारण आम नागरिकको दिमागमा उनीहरुप्रतिको छाप भिन्न प्रकारले गडिएर बसिरहेको अवस्था छ ।

अर्कोतर्फ पुराना राजनीतिक दलहरुले जनतामा गरेका प्रतिबद्धताहरु पूरा गर्न सकेनन् भनेर विकल्प खोज्नेको संख्या पनि भुसको आगो सल्किएको झैं सल्किरहेको अवस्था छ । २०७९ को निर्वाचनमा पनि केही नयाँ राजनीतिक दलहरुले संसद्मा आफ्नो सशक्त उपस्थिति देखाइसकेका थिए । आज विश्वमा जुन ढंगबाट आर्थिक विकास भइरहेको छ, त्यसको एउटा कुना पनि पुराना भनिएका राजनीतिक दलका नेताहरुको लक्ष्य हुन सकेन । उनीहरु व्यक्तिगत स्वार्थ, समूहगत स्वार्थ र पार्टीगत स्वार्थमा लागेको कारण आफूहरुले सधैं धोका पाइरहेका छौं भन्ने जनतामा छाप परेको छ । यसको प्रत्यक्ष प्रभाव युवाहरुमा परेको पाइन्छ । मुलुकले गति लिन नसकेको कारण युवाहरुले मुलुकमा आफ्नो भविष्य सुनिश्चित भएको देखेनन्, जसको कारण खाडीदेखि युरोप, अमेरिकासम्म दिनहुँ हजारौं युवाहरु कामको खोजीमा भासिन बाध्य भइरहेका छन् । विदेश जान नपाएका युवाहरु वा स्वदेशमा नै बसेर केही गर्छौं भन्ने युवाहरु मुलुकमा व्याप्त भ्रष्टाचार र बेथितिका कारण विद्रोही भावमा हुर्किरहेका थिए । उनीहरुको विद्रोहको परिणाम भदौ २३ मा देखियो र भदौ २४ गते मुलुकले अकल्पनीय रुपमा ठूलो क्षति व्यहोर्नुपर्ने अवस्था आइपऱ्यो । उक्त विद्रोह र विध्वंसको कारण मुलुकको राजनीति अवस्था केही हप्तासम्म छिन्नभिन्न अवस्थामा पुग्यो । यद्यपि आजको दिनमा सवैको सुझबुझले नेपालको राजनीतिले नयाँ रुप धारण गर्दै सम्हालिने अवस्थामा आइपुगेको छ । यसलाई थप व्यवस्थित गर्नको लागि फागुन २१ को निर्वाचन अपरिहार्य बनेको हो । युवाशक्तिको ठूलो समूह शान्तिपूर्ण ढंगबाट लोकतन्त्रको अभ्यास गर्दै रुपान्तरणको अभियानमा जुटेको छ । यसको लागि अव पुरानाले मात्र होइन, नयाँ पुस्ताले पनि जिम्मेवारी लिनुपर्छ, जुन कुरा आफूलाई वैकल्पिक शक्ति भन्नेहरुले मात्र पूरा गर्न सम्भव छ भन्ने नयाँ शक्तिहरुको तर्क छ । विदेशमा बसेका अधिकांश नेपाली र स्वदेशमा रहेका ठूलो संख्याका युवाहरु नयाँ शक्तिको उदयले मात्र आफ्नो र मुलुकको भविष्य सुनिश्चित हुन सक्छ भन्ने विश्वासमा पुगेका छन् ।

यस प्रकार आगामी निर्वाचनमा पुराना राजनीतिक दलहरु र नयाँ दलहरुको बीचमा तीव्र प्रतिस्पर्धा हुने देखिन्छ । निर्वाचनमा कसले कस्तो रणनीति बनाउने हुन् र त्यसलाई आम नागरिकले कुन रुपमा ग्रहण गर्ने हुन् भन्ने कुरा निर्वाचनको अघिल्लो दिनसम्म पनि चिन्तनको विषय बनिरहने नै छ । यद्यपि पुराना दलहरु पटक-पटक परीक्षामा उत्रिसकेका शक्तिहरु हुन् । विगतका उनीहरुका कार्य-व्यवहारलाई हेर्दा उनीहरु अधिकतमरुपमा आफ्नो स्वार्थलाई केन्द्रमा राखेर काम गर्ने शक्ति भए पनि उनीहरु राष्ट्र र राष्ट्रियताको सवालमा दृढ बनेका देखिन्छन् । यस्ता विभिन्न सवालमा नयाँ शक्तिहरुको परीक्षण भइसकेको छैन । उनीहरुले आवश्यक परेको बेलामा राष्ट्रियताको पक्षमा आफूलाई उभ्याउँछन् कि आफ्नो लागि राष्ट्रिय स्वार्थलाई तिलाञ्जलि दिन्छन् भन्ने कुरा भविष्यमा मात्र पुष्टि हुनेछ । तर नयाँ शक्ति मूलतः युवाको शक्ति हो, युवा पुस्ताले आज जति मुलुकलाई माया गरिरहेका छन् त्यति पुराना पुस्ताले गर्न सक्दैनन् र गरेका छैनन् भन्ने तर्क पनि उत्तिकै युक्तिसंगत छ ।

पुराना राजनीतिक दलहरुले कहिल्यै पनि आफ्नो पार्टीका युवाहरुलाई जिम्मेवारी दिने सहास गरेका छैनन् । सधैं आफू नै नेतृत्वमा हुनुपर्दछ भन्ने उनीहरुमा सोच देखिन्छ । राजनीतिबाट करिब-करिब अवकाश लिइसकेका नेतासमेत फेरि फर्केर राजनीतिको बागडोर सम्हाल्न आइपुग्छन् र आफ्नो स्वार्थ पूरा हुनुपर्दछ भन्ने मान्यता राख्छन् । नेपाली कांग्रेसका युवा पुस्ताले विशेष महाधिवेशनमार्फत सुधारको लागि एउटा क्रान्ति नै छेडे । त्यसबाट युवा पुस्तामा नेतृत्व स्थापित गर्न पनि सफल भए । यद्यपि नयाँ नेतृत्वलाई आफ्नो र आफ्नो दलको पक्षमा जनताको विश्वास जगाउन धेरै प्रयत्न गर्नुपर्ने आवश्यकता छ । यो प्रयत्नले राजनीतिक फोहोर हटाउन एक हदसम्म सफल भएको छ तर फोहोर विसर्जन भइसकेको सन्देश दिन जनताको कठघरामा उभिन अझै बाँकी नै छ ।

नयाँ नेतृत्वले आफ्ना कार्यकर्ताभन्दा बाहेक शुभेच्छुक, शुभचिन्तक र आम नागरिकको विश्वास प्राप्त गर्न कस्तो योजना ल्याउँछन्? त्यसले आगामी राजनीतिक भविष्य निश्चित गर्दछ ।

वर्तमान अवस्थामा युवाहरुले त्यागको राजनीतिक संस्कार सिकाएका छन् । जनताको ठूलो हिस्साको हाइहाई बटुल्न सफल रास्वपा सभापति रवि लामिछाने अब हुने निर्वाचनमा ठूलो दल बनेर प्रधानमन्त्री पदको दाबी गर्लान् भन्ने धेरैलाई लागेको थियो । तर उनले पुराना शक्तिको षडयन्त्रले जुनसुकै समयमा आक्रमण हुन सक्ने सम्भावनाको विश्लेषण गर्दै स्वतन्त्र व्यक्तिको रुपमा निर्वाचित महानगरपिता बालेन साहलाई पार्टीको नेताको रुपमा स्वीकार गर्दै आफ्नो पार्टीको तर्फबाट भावी प्रधानमन्त्रीको उम्मेदवारको रुपमा घोषणा गरेका छन् । यो त्यागलाई सम्मान गर्नै पर्दछ । बालेन साहले पनि आफ्नो लोकप्रियतालाई रास्वपाको उत्थानमा पोख्ने सहास देखाउनु अर्को स्वागतयोग्य कदम मान्नुपर्दछ । विवेकशील पार्टी र कुलमानका उज्यालो पार्टीका कैयौं नेताहरु रास्वपामा समाहित हुनुले पनि नयाँ तरंग जगाएको छ । नयाँ शक्तिले देखाएको यो त्यागको राजनीतिक संस्कारले उज्ज्वल भविष्यको संकेत गरिरहेको धेरैले विश्लेषण गरिरहेका छन् । तर यसलाई आम नागरिकले कुनरुपमा लिनेछन् र फागुन २१ मा कुन जनमत प्रस्तुत गर्ने हुन् ? त्यो त समयले नै बताउनेछ ।

पुराना दलका नेताहरु आज पनि आफूलाई नै भावी प्रधानमन्त्रीको रुपमा उभ्याएर जनतासामु प्रस्तुत हुने निश्चित छ । उनीहरुमा एकले अर्कोलाई साथ, सहयोग र समर्थन गर्ने अवस्था देखिँदैन । यसबाट पुराना दलहरुले तुलनात्मकरुपमा जनताको ध्यान तान्न मुस्किल पर्ने देखिन्छ । बालेन साहको सम्बन्धमा हेर्दा जनकपुरमा देखिएको उनीप्रतिको आकर्षणले उनलाई पूर्वप्रधानमन्त्री केपी ओलीसँग झापामा गएर प्रतिस्पर्धा गर्न हौसला प्रदान गरेको देखिन्छ । आज सम्पूर्ण दलहरु एकल प्रतिस्पर्धामा उत्रिएका छन्, यद्यपि भोलिका दिनमा आफ्नो अस्तित्व रक्षाको लागि गठबन्धन गरेर अघि बढ्ने र सुविधाजनक मत प्राप्त गर्न सकियो भने प्रधानमन्त्रीको कुर्सीलाई भागवण्डा लगाउने प्रयासमा नजालान् भन्न सकिन्न । यस्तो व्यवहार हुन गयो भने दलहरुप्रति जनतामा रहेको विश्वासमा थप ह्रास हुँदै जाने सम्भावना हुन्छ । हामीले भुल्नुहुँदैन, पुराना दलहरुको अस्तित्व पूर्णरुपमा समाप्त हुनु भनेको पनि मुलुकको लोकतन्त्रमा घाटा पुग्ने विषय भएकोले समयमा नै गम्भीर हुनु आवश्यक छ ।

हुन त नयाँ दलहरुले सहजै परिणाम आफ्नो पक्षमा ल्याउन सक्ने अवस्था पनि छैन । रास्वपा सभापति लामिछानेमाथि अझै ५ वटा जिल्लामा मुद्दा चलिरहेको छ, परिस्थिति तल-माथि पर्नासाथ जुनसुकै समय उनलाई कानुनको दायरामा ल्याउन सक्ने सम्भावना छ । सरकारले तोकिएको समयमा निर्वाचन गराउन सक्ने अवस्था रह्यो भने मात्र उनलाई सहज हुनेछ, अन्यथा जुनसुकै समय पासा पल्टन सक्ने सम्भावना छ । अघिल्लो सरकारको नेतृत्वले जेन्जी आन्दोलनको जिम्मेवारी आफूले नलिएको मात्र होइन, उसले भदौ २४ को घटना बालेन साह र रास्वपा दलको टाउकोमा राख्न अनेक तिकडम गरिरहेको अवस्था छ । संसद् पुनर्स्थापना भयो वा तोकिएको समयमा निर्वाचन हुन सकेन भने फेरि एकपटक पुराना दलहरुको खुट्टामा फुटबल जानेछ । त्यो फुटबलको प्रहार उनीहरुले रवि र बालेनमाथि नै गर्नेछन् । तसर्थ रवि र बालेन आज खुकुरीको धारमा आफ्नो टाउको राखेर हिँडिरहेका छन् । यसको लागि जनउत्तरदायित्वबोध र राजनीतिक कुशलता उनीहरुको सुरक्षा कवच बन्न सक्नेछ ।

वैकल्पिक शक्तिले सुविधाजनक मत पाई सरकार गठन गर्न सक्ने अवस्थामा पुगे भने उनीहरुले कम्तीमा विगत १० वर्षमा भएका भ्रष्टाचारका फाइलहरु खोलेर धेरैलाई थान्को लगाउने प्रयास गर्नेछन् । तर हाम्रो निर्वाचन प्रणालीले कुनै पनि राजनीतिक शक्तिलाई एकल सरकार गठनको लागि सुविधाजनक संख्या प्रदान गर्न सक्दैन भन्ने छ । त्यो अवस्थामा ठूलो दल भए पनि सरकार गठनको लागि अन्य दलको साथ र समर्थन लिनु नै पर्ने हुन्छ । त्यो बेलामा आवश्यक सौदा र सम्झौता पनि गर्नुपर्ने हुन सक्छ । त्यो सौदाले नेपाली जनतालाई नै निराशा प्रदान गर्ने कार्य गर्दछ । हाम्रो जस्तो राजनीतिक संरचनामा धेरै कुराहरु हात्ती आयो, हात्ती आयो फुस्सा हुने गरेका छन् ।

हिजोका पुराना दलको उद्देश्य जनतालाई धोका दिऊँ भन्ने पक्कै थिएन होला, तर राजनीतिक सौदाबाजीले उनीहरुलाई धोकेबाजको अवस्थामा पुऱ्याइदियो । यो यथार्थको विश्लेषण हुनु पनि आवश्यक छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# देश विकासको नेतृत्व लिन कांग्रेस तयार छ : महामन्त्री पौडेल

काठमाडौं- नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले नेपाली कांग्रेस देशको विकासका लागि नेतृत्व लिन तयार रहेको बताएका छन् ।

नागरिकको अपेक्षाअनुसार नै पार्टी सुधारिएको भन्दै उनले अब सुधारिएको कांग्रेसले नै देश विकासको नेतृत्व लिने बताए । 'नेपाली कांग्रेससँग नागरिकका गुनासा छन्,' उनले भने,'अपेक्षा झन् धेरै छन् । नागरिकका गुनासा सम्बोधन गर्दै अब



अपेक्षाअनुसारको समृद्धि दिने बाटोमा हामी छौं ।'

आम निर्वाचन २०८२ का लागि देश विकासका भिजन समेटिएको घोषणा पत्र तयार हुँदै गरेको भन्दै उनले यसले नागरिकका चाहना सम्बोधन गर्दै देश विकासको अबको मार्ग चित्र तय गर्ने बताए ।

'नागरिकको अपेक्षाअनुसार देश बदल्ने यात्रामा प्रमुख १० प्राथमिकता तय गरेर हामी अघि बढ्दैछौं,' उनले भने,'तपाईं सबैको साथ अपेक्षा गरेका छौं ।'

देशैभर कांग्रेस उम्मेदवारहरु चुनावी मैदानमा अघि बढिरहेको भन्दै उनले फेरिएको नीति र नेतृत्व दुवैले नयाँ उर्जा दिएको बताए ।

# गोसाइाकुण्डमा शिवरात्रीको तयारी, जुट्न थाले भक्तजन

रसुवा- यही फागुन ३ गते देशभर मनाइने महाशिवरात्री पर्व श्रद्धा भक्ति पूर्वक मनाइन भक्तजनहरू पूर्वतयारिमा जुट्न थालेका छन् । शिवरात्रीको अवसरमागोसाइँकुण्डमाभक्तजनको आकर्षण बढ्दो छ ।

समुद्री सतहदेखि करिब चार हजार ३८० मिटर उचाइमा अवस्थित यो तीर्थस्थल धार्मिक, सांस्कृतिक तथा प्राकृतिक दृष्टिले अनुपम मानिँदै आएको छ ।

धार्मिक मान्यताअनुसार गोसाइँकुण्ड भगवान शिव विराजमान भएको पवित्र कुण्ड हो। शिवरात्रिका दिन यहाँ स्नान, पूजा र आराधना गरेमा मनोकामना पूरा हुने धार्मिक विश्वास छ। पौराणिक कथाअनुसार समुद्र मन्थनका क्रममा उत्पन्न भएको हलाहल नामक कालकूट विष भगवान् शिवले ग्रहण गरी सम्पूर्ण प्राणी जगतको रक्षा गरेका थिए । यही कारण शिवलाई 'नीलकण्ठ' भनिएको मान्यता रही आएको छ ।

जीवनमा सके तीन पटक र नसके कम्तीमा एक पटक भए पनि गोसाइँकुण्डको दर्शन गर्नैपर्ने उल्लेख हिमवत्खण्डमा गरिएको छ, जसले यसको धार्मिक महत्वलाई थप पुष्टि गर्दछ । काठमाडौँबाट रसुवाको धुन्चेसम्म सवारीसाधनमार्फत यात्रा गरी धुन्चेदेखि तिवारीबगर, खन्ति, डिम्सा, चन्दनबारी, चोलाङपाटी, लौरीविनायक हुँदै पवित्रतीर्थ गोसाइँकुण्ड पुग्न सकिन्छ ।

धुन्चेबाट उकालो यात्रा सुरु भएपछि लौरीविनायकभन्दा माथि लेक लाग्ने भएकाले चन्दनबारीमा एक रात विश्राम गरी कुण्डतर्फ लाग्दा यात्रा सहज हुने होटल व्यवसायी सुब्बा लामाले जानकारी दिए ।

गोसाइँकुण्डमा विशेष गरी जनैपूर्णिमा र कगङगा दशहरामा ठूलो मेला लाग्ने गर्दछ । यी अवसरमा हजारौं भक्तजन कुण्डमा स्नान गर्न पुग्ने गर्दछन् । गोसाइँकुण्डको मेलाका समयमा धार्मिक यात्रुको सुरक्षार्थ विशेष सुरक्षा फोर्स तयार गर्ने गरिएको रसुवाका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीले जानकारी दिए ।

पछिल्ला वर्षमा २०७२ सालको भूकम्पपछि युवा पुस्ता बाह्रै महिना गोसाइँकुण्ड पुग्न थालेका छन् । जसले धार्मिक पर्यटनलाई निरन्तरता दिएको छ। शिवरात्रिका अवसरमा नीलाद्री पर्वत पुगेर भगवान् शिवको दर्शन गर्नैपर्ने रसुवाका पुरोहित टङ्कप्रसाद ढकालले सुझाव दिए ।

गोसाइँकुण्ड यात्रालाई सहज बनाउन नमस्ते पासाङ ल्हामु यातायात प्रालिले आवश्यक यात्रुवाहक सवारीसाधनको व्यवस्था गर्दै आएको छ । साना सवारीसाधन शिवपुरी, ढिकुरे, विदुर हुँदै धुन्चे पुग्ने गरेका छन् भने ठूला सवारीसाधन माछापोखरी-नागढुङ्गा-गल्छी-त्रिशूली मार्ग हुँदै धुन्चे पुग्ने गर्दछन् ।

लौरीविनायकको उकालो यात्रा गर्न भक्तजनका लागि हवाइ मार्गबाट हेलिकप्टर सेवासमेत उपलब्ध गराउँदै आएको सेवा सञ्चालकले बताएका छन् ।

नेपालमा रहेका अधिकांश हेलिकप्टर कम्पनीले शिवरात्रि तथा अन्य धार्मिक पर्वका अवसरमा धार्मिक उडान भर्दै आएका छन् । गोसाइँकुण्डको



डिलमा सिम्रिक एयर कम्पनीले एउटा शिवको मूर्ति स्थपना गरेका कारण पूजाआजामा भक्तजनलाई अत्यन्तै सहज भएको भक्तजनले बताएका छन् ।

गोसाइँकुण्डमा स्नान तथा पूजा आराधना गरेमा शरीरका रोगव्याध हट्ने, पारिवारिक सम्बन्ध प्रगाढ हुने र सन्तानको शिक्षामा सकारात्मक प्रभाव पर्ने जनविश्वास रहँदै आएको छ। यही धार्मिक आस्थाका कारण गोसाइँकुण्ड केवल तीर्थस्थल मात्र नभई आध्यात्मिक ऊर्जा प्राप्त गर्ने केन्द्रका रूपमा परिचित छ । यतिबेला कुण्डमा पानी जमेर बरफ बनेको अवस्था छ । यसले भक्तजनलाई थप सतर्कता अपनाउन आवश्यक बनाएको छ । बरफमाथि हिँड्दा फुटेर कुण्डभित्र खस्ने जोखिम रहन्छ। गोसाइँकुण्ड क्षेत्र रामसार सूचीमा सूचीकृत पवित्र तीर्थस्थल भएकाले यसको संरक्षण सबैको साझा दायित्व भएको गोसाइँकुण्ड गाउँपालिकाका अध्यक्ष कैसाङ नुर्पं तामाङले बताए ।

कुण्डमाथि हिउँ खेल्ने वा हिँड्ने निहुँले भगवान शिव विराजमान रहनु भएको स्थानमा नटेक्न सम्पूर्ण भक्तजनलाई उनले आग्रह गरेका छन्। धार्मिक आस्था, प्राकृतिक सौन्दर्य र सांस्कृतिक पहिचान बोकेको गोसाइँकुण्डको संरक्षण गर्दै श्रद्धापूर्वक दर्शन गर्नै नै साँचो शिवभक्ति हुने जानकार हरूको भनाइ छ ।

पहिला पहिला हिँडेर जानुपर्ने क्षेत्रमा पुर्वाधारको विकास संगै अहिले काठमाडौंको माछापोखरीदेखि यातायात सञ्चालनका रहेकाले यो वा त्यो वाहनाको फुदागाँसी साना सवारी साधनले बढी भाडा असुल्ने भएकाले सबै यात्रुले सजकता अपनाउन आग्रह गरिएको छ ।

चिसो मौसम भएकाले तातो लुगाको साथै कागती, अदुवा, सातु सामल र औषधि समेत साथमा लिई जान उपयुक्त र लाभदायक हुन्छ । गोसाइँथान जाने भक्तजनको सुविधालाई ध्यानमा राखि बागमती प्रदेशको भौतिक तथा पूर्वाधार मन्त्रालयले दीर्घकालीन गुरु योजनाअन्तर्गत पूर्वाधारको गुरु योजनाको काम अगाडि बढाएको गोसाइँकुण्ड क्षेत्र विकास समितिले जनाएको छ ।

गोसाइँकुण्ड जाँदा कुण्डमा स्नान गर्दा भिजेको लुगा र कुनै पनि फोहर जथाभावी नफ्याँक्न, पैदल मार्गमा देखापर्ने रेडपाण्डालगायत वन्यजन्तुलाई मायालु वातावरणमा हेरिदिन र लौरीका नाममा वन जङ्गलका कुनै पनि बनस्पति नकाट्न सबै भक्तजनलाई अनुरोध गरिएको वरिष्ठ संरक्षण अधिकृत श्यामकुमार साहले बताए ।

# पहिलोपटक गाई प्रदर्शन गरिँदै



काठमाडौं- नेपालमा पहिलोपटक प्रतियोगितात्मक गाई प्रदर्शनी हुने भएको छ ।

काठमाडौंमा आज पत्रकार सम्मेलनमार्फत चितवनको भरतपुरमा 'पहिलो अन्तरराष्ट्रिय डेरी एक्स्पो २०८२' अन्तर्गत प्रतियोगितात्मक गाई प्रदर्शनी गर्न लागिएको आयोजक चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घका अध्यक्ष किशोर बगालेले जानकारी दिए ।

चितवन उद्योग सङ्घ र चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घ लिमिटेडको संयुक्त आयोजनामा यही माघ २५ देखि २९ गतेसम्म अन्तरराष्ट्रिय डेरी एक्स्पो २०८२ आयोजना हुन लागेको र सोही कार्यक्रममा गाई प्रदर्शनी गरी पुरस्कार प्रदान गर्न लागिएको हो ।

बगालेले भने 'देशभरबाट गाई ल्याउनका लागि किसानहरुलाई अनुरोध गरिएको छ, त्यसमा आकर्षक, तथा गाईका लागि आवश्यक आहारविहार, स्वास्थ्य अवस्था सबै हेरेर प्रतियोगितात्मक गाई प्रदर्शनी गर्न लागिएको हो । पहिलो अनुभव हो, यसबाट गाईपालन प्रवर्द्धनका साथै नेपालमा पनि उन्नतस्तरका गाईहरु छन् भनेर देखाउन खोजिएको छ ।'

प्रतियोगितामा विजयी हुने गाईपालक किसानले रु २० हजार, दोस्रो हुनेले रु १५ हजार र तेस्रो हुनेले रु १० हजार नगद पुरस्कार प्राप्त गर्ने जनाइएको छ । अध्यक्ष बगालेले डेरीका उत्पादन र उद्यमशीलता प्रवर्द्धन , डेरी उत्पादन प्रक्रिया र वितरणमा नवीनतम प्रविधि तथा अभ्यासलाई प्रोत्साहित गर्दै साना किसान, उद्योगी र व्यापारीलाई व्यावसायिक सञ्जाल, तालिम, अनुदान र उद्यमशीलताको अवसर प्रदान, गुणस्तर र जागरूकता वृद्धि, उपभोक्तालाई डेरी उत्पादनको महत्व बुझाउन पहिलोपटक अन्तरराष्ट्रिय प्रदर्शनी गर्न लागिएको जानकारी दिए ।

## रामेछाप डायरी

# मेरो एजेन्डा मन परे मलाई दिन्छन्, नपरे अरू १६ जना पनि छन्: एमाले उम्मेद्वार ढुङ्गेल

रामेछाप । नेपाल कम्युनिष्ट पार्टी (एमाले) रामेछापका उम्मेद्वार माधव ढुङ्गेलले मतदाताले आफ्ना एजेन्डा मन परे मत दिने धारणा राखेका छन् । उनले भने 'मलाई मात्रै दिनु पर्छ भन्ने छैननी, अरू पनि उम्मेदवार छन्' मेरो एजेन्डा मनपरे, चित्त बुजे मलाई मत दिन्छन् ।' संसद्या रामेछापको विषयलाई गम्भीरताको साथ राख्न सक्ने उम्मेद्वर भने आफू रहेको उनले जिकिर गरे । जनताको मतमाथि विश्वास गर्छु भनेका उनले चुनाव आफूले जित्ने नजित्ने बारेमा मौन रहे । जिल्लाका पुराना दल भनिनेहरू मध्येका युवा उम्मेद्वार दाबी गरिएका ढुङ्गेलले आफूले चुनाव जित्छु भनेर एक शब्द भनेनन् ।

शनिवार बिहान मन्थलीमा पार्टीको प्रचार विभागले आयोजना गरेको पत्रकार भेटघाटमा बोल्दै उम्मेद्वार ढुङ्गेलले आफू पहिलो पटक जनतासँग जान लागेकाले एक पटक मौका दिने उनको विश्वास छ । उनले भने 'म पहिलो पटक जनतामाझ जान लागेको हुँ त्यसैले एक पटक अवसर दिन्छन् भने लाग्छ ।'

जिल्लाको कृषि, वन, पर्यटन, जलविद्युत, लिखु कोरिडोरसहित विकासका सम्भावना बारेमा चर्चा गरेका नेकपा एमालेको केन्द्रीय सदस्य समेत रहेका नेता ढुङ्गेलले रामेछापमा सामाजिक सञ्जाल 'फेसबुक/डिजिटल पाल्ट फर्महरू, (एआई) को डाटा सेन्टर' निर्माणको लागि प्रारम्भिक चरणको अनुसन्धान गर्न सकिन्छ भने ।' उनले उमाकुण्डको उमातिर्थ मन्दिर (काँसिगएजी), खाँडादेवी मन्दिर लगायतलाई धार्मिक रूपमा प्रचार गरी पर्यटन आकर्षणको केन्द्र निर्माण गरिने धारणा राखे । डाटा सेन्टर निर्माणको लागि रामेछापको मौसम उपयुक्त रहेको उनको तर्क छ ।



साथै, लिखु, खिम्ती, तामाकोशी, सुनकोशीको जलबाट ठू-ठूला हाइड्रोपावर बनाउन सकिने तर्क प्रस्तुत गरे । जिल्लाकै मतदातामाझ परिचित नरहेको भन्ने प्रश्नलाई खारेज गरेका उनले भने 'शिक्षक पेशामा हुँदा धेरै विद्यालयमा पढाएको छु त्यसैले मलाई चिन्छन्' भने । एमाले अध्यक्ष केपी ओलीको प्रशंसा गरेर नथाकेका उनले बालेन शाहलाई कुनै व्यक्तिबाट परिचालित भएको आरोप लगाउँदै भने 'आफ्नो क्षेत्रबाट चुनाव नलड्ने अनि इगोको लागि झापा जाने त्यो भनेको एउटा रोबर्टको रूपमा प्रयोग गरिँदै छ' ।

आउँदो २१ फागुनको निर्वाचनमा नेकपा (एमाले) लाई बहुमत जित आवश्यक रहेको उल्लेख गर्दै 'जेन्जी विद्रोहलाई (टिओबी) लेखिएका मास्कदारीहरूले हाइज्याक गरेको हो' भने ।

घरदैलो अभियान गरिरहेका छन् । जन्म गाउँ खाँडादेवी गाउँपालिकाका केही वडाहरूमा भेटघाट गरी उमाकुण्ड र गोकुलगंगा गाउँपालिकाका घरदैलो पुगेका ढुङ्गेल शनिवार मन्थलीमा पार्टीले आयोजना गरेको निर्वाचन विशेष कार्यक्रममा सहभागी हुँदै छन् ।

# काठमाडौंमा अब ७० वर्षमाथिका ज्येष्ठ नागरिकलाई घरमै आधारभूत स्वास्थ्य सेवा

काठमाडौं । काठमाडौं महानगरपालिकाले आइतबारदेखि ७० वर्षमाथिका जेष्ठ नागरिकहरूको लागि घरमै पुगेर आधारभूत स्वास्थ्य सेवा तथा परीक्षण शुरु गरेको छ ।

आइतबार एक कार्यक्रमका बीच महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले उक्त कार्यक्रमको शुभारम्भ गरेकी हुन् ।

कार्यक्रममा ज्येष्ठ नागरिकको प्रेसर जाँच, सेवन गरिरहेका औषधिको विवरण तथा मेडिकल हिस्ट्री संकलन गरी आवश्यक आधारभूत स्वास्थ्य सेवा प्रदान गरिने कार्यबाहक प्रमुख डंगोलले बताइन् ।

उनका अनुसार स्वास्थ्य प्रवर्द्धन केन्द्रसम्म जानसक्ने ज्येष्ठ नागरिकलाई केन्द्रमै सेवा प्रदान गर्ने तथा जान नसक्ने अवस्थामा रहेका ज्येष्ठ नागरिकलाई घरमै पुगेर आधारभूत स्वास्थ्य सेवा प्रदान गरिनेछ ।



यस कार्यक्रमले अगामी वर्षको नीति तथा कार्यक्रम प्रमाणमा आधारित बनाउन सहयोग पुग्ने डंगोलको विश्वास छ ।

'आजबाट हामीले ७० वर्ष र सोभन्दा माथि उमेरसमूहका आमाबुबाहरूलाई आधारभूत स्वास्थ्य सेवा घरघरमै प्रदान गर्ने कार्यक्रमको शुभारम्भ गरेका छौं । ज्येष्ठ नागरिकहरूको अवस्था कस्तो छ ? भन्ने कुराको सर्वेक्षण पनि सँगसँगै भइरहेको छ । हाम्रो अगामी वर्षको नीति तथा कार्यक्रम एभिडेन्सबेस होस् भन्ने उद्देश्यलाई पनि यस कार्यक्रमले सहयोग पुऱ्याउने विश्वास लिएका छौं,' उनले भनिन् ।

# यूएईले दियो २७६ नेपालीलाई आममाफी

काठमाडौँ- नेपाल सरकारले संयुक्त अरब इमिरेट्स (यूएई) सरकारले त्यहाँस्थित कारागारमा रहेका २६७ जना नेपालीलाई आममाफी दिएको जनाएको छ । यूएई सरकारले ५४औँ राष्ट्रिय दिवस (ईद अल एतिहाद) का अवसरमा २६७ जना नेपाली बन्दीलाई माफी दिएको हो ।

नेपाल सरकारले यस आममाफीलाई नेपाल र यूएईबीचको सम्बन्ध, सद्भावना तथा सौहार्दताको प्रतीकका रूपमा लिँदै यूएई सरकारको यस मित्रवत् र मानवीय कदमको सराहना गरेको छ ।

उक्त आममाफीको निर्णय परराष्ट्र मन्त्रालयको निर्देशनअनुसार आबुधाबीस्थित नेपाली दूतावासले पटक-पटकको अनुरोधको प्रत्युत्तरस्वरूप यूएई सरकारले उक्त निर्णय गरेको बताइएको छ ।

माफी पाएका नेपाली नागरिकविरुद्ध अन्य कुनै बाँकी कानुनी मुद्दा वा प्रतिबन्ध नरहेको अवस्थामा त्यहाँको प्रचलित कानुनअनुसार आवश्यक कानुनी प्रक्रिया पूरा गरेपछि स्वदेश फर्कन सक्नेछन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- २७,
२०८२ साल माघ २० गते मंगलबार
3 FEBRUARY 2026, TUESDAY

# दुई अर्ब लगानीमा विराटनगरमा बन्दैछ लेमन ट्रि प्रिमियर होटल




विराटनगर । विराटनगरमा पहिलोपटक अन्तर्राष्ट्रिय ब्रान्डमा फाइभ स्टार होटल सञ्चालनमा आउने भएको छ । विराटनगरका चार युवा उद्यमीले सहरको मध्यमागमा पर्ने भृकुटी चोकमा ७ कट्ठा जमिनमा अन्तर ष्ट्रिय ब्रान्डमा 'लेमन ट्री प्रिमियर' होटल सञ्चालनमा ल्याउन लागेका हुन् ।

कोशी प्रदेशको राजधानी एवम् पूर्वको व्यावसायिक हब विराटनगरमा लामो समयदेखि पाँचतारे होटल निर्माण सुरु भए पनि पूर्णता भने आएको छैन । विकास चौधरी, मनोजविक्रम शाह, कविन श्रेष्ठ र प्रशान्त तातेडले दुई अर्ब लगानीमा सुरु गरेको होटलको निर्माणकार्य अन्तिम चरणमा पुगेको छ ।

सञ्चालक चौधरीका अनुसार होटलको सफ्ट ओपनिङ आगामी चैतमा गरेर नयाँ वर्षमा ग्रान्ड ओपेनिङ गर्ने लक्ष्यका साथ काम भइरहेको छ । र, यसको व्यवस्थापन लेमन ट्रीकै कम्पनीले सम्हाल्ने तय भइसकेको छ ।

भारतमा हेडक्वार्टर भएको लेमन ट्री हस्पिटालिटी क्षेत्रमा बहुराष्ट्रिय कम्पनी हो । यसको व्यवस्थापनमा भारत, नेपाल र युएईमा गरी एक सयभन्दा बढी होटल सञ्चालनमा छन् ।

अर्का सञ्चालक श्रेष्ठले नेपाल सरकारबाट होटललाई पाँच तारे होटलका सबै मापदण्ड पूरा गरेको र स्वीकृतिको चरणमा रहेको जानकारी दिए । 'हामीले होटलमा पाँच तारेका सम्पूर्ण मापदण्ड पूरा गर्ने गरी निर्माण गरेका छौं । धेरैजसो ठाउँमा त मापदण्डभन्दा बढी पनि लगानी भएको छ । त्यसैले सरकारले पाँचतारेको स्वीकृति दिने कुरामा हामी विश्वस्त छौं,' श्रेष्ठले भने ।

उनका अनुसार सरकारबाट पाँचतारेको स्वीकृति पाएपछि लाइभ क्यासिनो सुरु गरिनेछ । होटलको सफ्ट उद्घाटनपछि पाँचतारेको स्वीकृतिका लागि प्रक्रिया सुरु हुनेछ । पाँचतारेको स्वीकृति नपाई लाइभ क्यासिनो सञ्चालन गर्न मिल्दैन । त्यसैले होटलमा तत्काल क्यासिनो सञ्चालन हुने छैन ।

होटलमा ८० वटा कोठा छन् । जसमा एउटा प्रेसिडेन्सियल सुइट रुम र ८ वटा सुइट रुम छन् । त्यस्तै ६६ वटा डिलक्स रुम अरू ५ वटा सुपर डिलक्स रुम छन् ।

बेसमेन्टसहित ८ वटा तला भएको होटलमा २ हजार जना क्षमताको ५ हजार वर्गफिटको ब्यांकेट हल छ । गन्तव्य विवाह (डेस्टिनेसन म्यारिज)का लागि पनि विराटनगरको लेमन ट्री प्रिमियर उपयुक्त थलो बन्ने सञ्चालक चौधरीको विश्वास छ । त्यस्तै रुफ टप स्विमिङ पुलसहित एउटा तला नै स्पा, सोना बाथ आदिका लागि छुट्याइएको छ । सञ्चालक श्रेष्ठले सम्पूर्ण होटलमा 'अत्याधुनिक फायर फाइटिङ' जडान गरिएको जानकारी दिए । यसले कतै आगलागी हुनेबित्तिकै स्वचालित रूपमा पानी निस्किएर आगोको नियन्त्रण गर्दछ ।

होटलमा तीन वटा छुट्टाछुट्टै रेस्टुरेन्ट सञ्चालनमा आउनेछन् । जसमा एक सिट्रस क्याफे हुनेछ भने अपराह्नपछि खुला गर्ने गरी स्लाउन्ज बार चलाइनेछ । त्यस्तै अर्को रेस्टुरेन्ट अल डे डाइनिङ (एडीडी)का रुपमा २४ सै घण्टा सञ्चालन गरिनेछ । 'यस्तो क्वालिटीमा पूर्वमै कुनै होटल छैन, हामीले त्यसरी बनाएका छौं । हाम्रा लागि नेपाल र भारत दुबै मुलुकका पाहुना प्रार्थनीय हुनेछन् । छिमेकी भारतका विहार, पश्चिम बंगाल र आसामदेखिका पाहुनालाई हामी स्वागत गर्न पाउनेछौं भन्ने हाम्रो विश्वास छ,' श्रेष्ठले भने ।

# पाणाय इन्भेस्टमेन्टमा थपिए दुई सञ्चालक, उत्पादन, मिडिया र यातायात क्षेत्रमा पनि लगानी बढाउने




काठमाडौं । पाणाय इन्भेस्टमेन्ट लिमिटेडले सञ्चालक समितिमा दुई जना सदस्य थप गर्दै नेतृत्वलाई थप बलियो बनाएको छ । शशिराज बज्राचार्य र एमिल प्रधानलाई सञ्चालक पदमा नियुक्त गरेको सोमबार जनाएको हो ।

बज्राचार्य उद्यमी तथा शिक्षाविद् हुन् । उनले यसअघि जनरल इन्स्योरेन्स कम्पनी लिमिटेडको सञ्चालक समितिमा थिए । उनी काठमाडौं युनिभर्सिटी स्कूल अफ म्यानेजमेन्ट र दि ब्रिटिस कलेजमा भिजिटिङ फ्याकल्टीका रूपमा समेत आबद्ध छन् । त्यसैगरी अर्का नवनियुक्त सञ्चालक प्रधान लगानी तथा प्रभावकारी आयोजना व्यवस्थापनका अनुभवी हुन् ।

नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको पूर्व सञ्चालक प्रधान जोखिम व्यवस्थापन र संस्थागत लगानीको क्षेत्रमा दक्षता राख्छन् । कम्पनीको सञ्चालक समितिमा एक दशकभन्दा बढी लगानी परामर्शको अनुभव भएकी चार्टर्ड एकाउन्टेन्ट शिलु रेग्मीले पनि निरन्तरता दिने पाणायद्वारा जारी विज्ञप्तिमा छ ।

पाणाय इन्भेस्टमेन्ट नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त लगानीकर्ता क्मपनी हो । पीइभीसी फन्ड म्यानेजर ग्लोबल इक्विटी फण्ड लिमिटेडद्वारा व्यवस्थित पाणाय इन्भेस्टमेन्टले आफ्नो उपस्थितिलाई विस्तार गरिरहेको जनाएको छ । नवीकरणीय ऊर्जा, हस्पिटालिटी र आईटी क्षेत्रमा बलियो लगानी रहेको कम्पनीले सञ्चालकमा नयाँ नेतृत्वको आगमनसँगै अब उत्पादन, मिडिया र यातायात क्षेत्रमा पनि लगानी विस्तार गर्ने लक्ष्य राखेको छ ।

# सांग्रिलाका ३ वटा लक्जरी रिसोर्ट ६ महिनाभित्र खुल्ने



काठमाडौं । सांग्रिला होटल्स ग्रुपका तीनवटा लक्जरी रिसोर्ट ६ महिनाभित्र संचालनमा आउने भएको छ । बेलायतको अन्तर ष्ट्रिय होटल व्यवस्थापन समूह इन्टरकन्टिनेन्टल होटल्स ग्रुप (आईएचजी) ले रिसोर्ट र होटल आगामी ६ महिनामा संचालनमा ल्याउने तयारी गरेको हो ।

सांग्रिला होटल्स एण्ड रिसोर्ट्स ग्रुपअन्तर्गत इन्टरकन्टिनेन्टल पोखरा बेगनास लेक रिसोर्ट, होटल इण्डिगो पोखरा र इन्टरकन्टिनेन्टल चितवन मेघौली रिसोर्ट छन् । यी तीनवटै रिसोर्ट र होटल संचालनका लागि सांग्रिला होटल्स एण्ड रिसोर्ट्स ग्रुपले गत वर्ष आईएचजीसँग सम्झौता गरेको थियो । ग्रुपका प्रबन्ध निर्देशक प्रवीण बहादुर पाण्डेले ३ वटै रिसोर्ट सन् २०२६ मै संचालनमा ल्याउनेगरी काम भइरहेको बताए । पाण्डेका अनुसार पोखरा र चितवनमा बनिरहेका रिसोर्ट र होटल ६ महिनाभित्र संचालनमा आउनेछ ।

'३ वटा रिसोर्ट र होटल इन्टरनेसनल रिनाउन्ड ब्रान्डको स्ट्यान्डर्डअनुसार निर्माण गरिएका छन् । सबैको स्ट्रक्चर र इन्टेरियरहरू पनि त्यही स्तरमा बनाइएका छन् । लगभग प्रायः निर्माणका काम सकिएको छ,' पाण्डेले बिजमाण्डूसँग भने ।

उनले रिसोर्टका लागि आवश्यक जनशक्ति लिइसकेको जानकारी दिँदै कर्मचारीलाई तालिम दिने काम भइरहेको बताए ।

उनका अनुसार 'ग्लोबल टच ग्लोबल रिच' अवधारणालाई आत्मसाथ गर्दै इन्टरनेसनल चेनका रुपमा नेपालमा लक्जरी होटल र रिसोर्ट संचालनमा ल्याउन लागिएको हो । पोखरा र बेगनासलाई यो चेनले ग्लोबल म्यापमा चिनाउने पाण्डेको भनाइ छ । 'काठमाडौं बाहिर हाइ स्ट्यान्डर्ड ब्रान्ड लगेका छौं । यसलाई अझै हामी अन्य सेक्टरमा पनि ल्याउने योजना बनाएर अगाडि बढेका छौं,' उनले भने, 'यस्तै, रेसिडेन्सियल अपार्टमेन्ट पनि बनाउने योजना छ ।'

पोखराको होटल सांग्रिला भिलेजलाई ३० करोड लगानीमा १५९ कोठाको बनाइएको छ । होटलको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृतिको चरणमा छ । यसको निर्माण कार्य भने लगभग अन्तिम चरणमा पुगेको छ । सुरुमा यो होटलमा ८९ कोठा थियो । यसलाई स्तरोन्नति गर्दै १५९ कोठा बनाइएको हो । यो ४ तारे होटलका रुपमा संचालित छ । अहिले यसमा ७ वटा भवनहरू रहेकामा अब ७० कोठा थप गर्न दुई वटा ठूला भवनहरू निर्माण गरिएको छ । कोरोनाको महामारीपछि बन्द भएको यस रिसोर्टलाई हाल मर्मतसम्भार र स्तरोन्नतिसहित विस्तार गर्दै संचालनमा ल्याउन लागिएको हो । २ नयाँ भवन निर्माण गरी सोको क्षमता ४० पाहुना कोठामा ७० कोठा गरी कुल १०१ पाहुना कोठामा १५९ कोठा क्षमतामा होटल संचालन हुनेछ ।

सांग्रिला होटल्स ग्रुपका तीनवटा लक्जरी रिसोर्ट सञ्चालनको तयारी, धमाधम कर्मचारी भर्ना गरिंदै होटलमा विभिन्न स्तरका पाहुना कोठाहरूसहित रेष्टुरेण्ट, बार, सेमिनार हल, ब्यांकेट हल, मिटिङ हल लगायतका सुविधा छन् । होटलका लागि २१ रोपनी १० आना ०.९ दाम कुल जग्गाको क्षेत्रफल छुट्याइएको छ ।

जसमध्ये २ हजार ४५६.९९ वर्ग मिटर अर्थात कुल जग्गाको २२.३२ प्रतिशत मात्र होटलको भवनहरूले ओगटेको छ भने बाँकी क्षेत्रलाई हरियाली र खुला क्षेत्र बनाइएको छ । यसका लागि थप लागत ३० करोड रुपैयाँभन्दा बढी लागेको छ । मेघौलीमा संचालनमा ल्याउन लागिएको इन्टरकन्टिनेन्टल रिसोर्टले पनि अल डे डाइनिङ, लबी लाउन्ज बार, हेल्थ क्लब, स्पा, स्वीमिङ पुल लगायत सुविधा उपलब्ध गराउनेछ । रिसोर्ट ८० कोठा क्षमताको हो ।

लाजिम्पाटस्थित सांग्रिला होटललाई इन्टरकन्टिनेन्टल काठमाडौंका रुपमा संचालनमा ल्याउन लागिएको हो । सांग्रिला होटल ५ वर्षदेखि बन्द छ । त्यहाँ अहिले पहिलेको संरचना भत्काएर नयाँ बनाउने काम भइरहेको छ । बिजनेस सेन्टरसहितको होटल २२४ कोठा क्षमताको हुनेछ ।

# नेपाल भारत उद्योग वाणिज्य संघको उपाध्यक्षमा सूर्य नेपालका प्रबन्ध निर्देशक गौरव तयाल नियुक्त




काठमाडौं । नेपाल भारत उद्योग वाणिज्य संघ (निक्की) ले सूर्य नेपालका प्रबन्ध निर्देशक गौरव तयाललाई संघको उपाध्यक्षमा नियुक्त गरेको छ । मंगलबार बसेको संघको कार्यकारिणी समितिको बैठकले तयाललाई उपाध्यक्षमा नियुक्त गर्ने निर्णय गरेको हो ।

तयालले रवि रायावरमको स्थान लिएका हुन् । हालै मात्र सूर्य नेपालको प्रबन्ध निर्देशकको जिम्मेवारी सम्हालेका तयालले अब निक्कीमा पनि उपाध्यक्षको भूमिका निर्वाह गर्ने भएका हुन् । उनको नियुक्तिले यी दुई संस्थाबीचको नेतृत्वगत निरन्तरतालाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

नियुक्तिप्रति स्वागत गर्दै निक्कीका अध्यक्ष सुनिल केसीले तयालको क्षमताप्रति विश्वास व्यक्त गर्दै निक्कीले उपाध्यक्षको अभिभारा सुम्पेको बताए ।

'निक्कीसँग उहाँको सक्रिय संलग्नताले हाम्रा भविष्यका योजनाहरूलाई नयाँ ऊर्जा दिनेछ र संघको पहुँच तथा प्रभाव विस्तार गर्न सहयोग पुऱ्याउनेछ,' केसीले भने ।

निक्कीको कार्यकारिणी समिति तथा अध्यक्षले संयुक्त रुपमा तयाललाई उपाध्यक्षको जिम्मेवारीमा स्वागत गर्दै उनको कार्यकालमा संघले नेपाल भारतबीचको द्विपक्षीय व्यापार, आर्थिक सहकार्य तथा समग्र सम्बन्ध प्रवर्द्धनमा अझ सक्रिय भूमिका खेल्ने विश्वास व्यक्त गरेका छन् । गौरव तयाल व्यवस्थापनमा व्यापक अनुभव भएका एक अनुभवी कर्पोरेट नेतृत्वकर्ता हुन् । सूर्य नेपालको प्रबन्ध निर्देशकका रुपमा उनले कम्पनीको रणनीतिक दिशा, संचालन उत्कृष्टता तथा सरोकारवालासँगको समन्वयको नेतृत्व गरिरहेका छन् । सहकार्यमा आधारित नेतृत्व शैलीका लागि परिचित तयाल दिगो विकास र सीमापार आर्थिक सहकार्य प्रवर्धन गर्ने पहलहरुमा सक्रिय रूपमा संलग्न रहँदै आएका छन् ।

यसैगरी, सूर्य नेपाल निक्कीको स्थापना कालदेखि नै आबद्ध रहँदै आएको र संघका सक्रिय तथा प्रतिबद्ध सदस्यहरूमध्ये एक हो । त्यसैले तयालको नियुक्तिलाई यस दीर्घकालीन साझेदारी र क्षेत्रीय आर्थिक सहकार्यप्रतिको साझा दृष्टिकोणको निरन्तरताका रूपमा हेरिएको छ ।

# होवलदारको लेखापरीक्षणमा अधिकतम खराब ऋण ११ प्रतिशत

काठमाडौं । १० ठूला वाणिज्य बैंकको सम्पत्ति गुणस्तरको लेखापरीक्षणबाट औसत खराब कर्जा अनुपात ७.७ प्रतिशत कायम भएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को सर्तमा नेपाल राष्ट्र बैंकले अन्तर्राष्ट्रिय लेखापरीक्षकबाट गराएको लेखा परिक्षणका क्रममा अधिकतम खराब कर्जा अनुपात ११ प्रतिशत आएको हो ।

बंगलादेशको होवलदार युनुसले छानिएका १० बैंकको करिब ३५ देखि ४२ प्रतिशत फाइलहरु निरीक्षण गरेको थियो ।

निरीक्षणका क्रममममा उसले कम्तिमा ३०० देखि २ हजार ५०० वटासम्म फाइल हेरेको थियो । सबैभन्दा बढी फाइल एनआइसी एसियाको हेरिएको थियो । एनआइसीले साना आकारका ऋणहरु धेरै लगानी गरेका कारण उसको फाइल ठूलो संख्यामा हेरिएको हो ।

अध्ययनका क्रममा खराब ऋण अनुपात न्यूनतम ४ प्रतिशत देखिएको छ भने अधिकतम ११ प्रतिशत देखिएको छ । होवलदार युनुसले आफ्नो लेखापरीक्षणको पूर्ण प्रतिवेदन नेपाल राष्ट्र बैंकलाई बुझाइसकेको छ ।

राष्ट्र बैंकको व्यवस्थापन समितिमा पनि यसका बारेमा ब्रिफिङ भइसकेको छ ।

आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP



खेलकुद

## टोटनहमसँग सिटीको बराबरी




काठमाडौं- टोटनहमले इंग्लिस प्रिमियर लिगमा आइतबार म्यानचेस्टर सिटीलाई २-२ को बराबरीमा रोकेको छ । सिटीका लागि उपाधि होडमा यो धक्काका रूपमा रहेको छ । सिटीले पहिलो हाफमा रायन चेर्की र एन्टोन सेमेन्योको गोलले अग्रता लिएको थियो ।

तर सिटीले त्यसलाई कायम राख्न सकेन । टोटनहमका लागि डोमिनिक सोलन्केले दोस्रो हाफमा दुई गोल फर्काए । यस्तै एस्टन भिल्ला पनि ब्रेन्टफोर्डको हातबाट १-० ले पराजित रह्यो । म्यानचेस्टर युनाइटेड भने फुलहमलाई ३-२ ले हराउन सफल रह्यो ।

आर्सनल ५३ अंकमा शीर्ष स्थानमा छ र उसको पछाडि सिटीको ४७, भिल्लाको ४६ र युनाइटेडको ४१ अंक रहेको छ । आइतबारको एउटा अर्को खेलमा नटिंघम फरेस्ट र क्रिस्टल प्यालेसले १-१ को बराबरी खेले ।

## फास्ट ट्र्याकको भौतिक प्रगति ४५ प्रतिशत, तोकिएकै समयमा सम्पन्न हुने सेनाको दाबी



काठमाडौं । संघीय राजधानीलाई मधेशसँग जोड्ने काठमाडौं-तराई फास्ट ट्र्याक तोकिएकै समयमा सम्पन्न गर्ने गरी काम भइरहेको नेपाली सेनाले जनाएको छ ।

सैनिक प्रवक्ता तथा सहायक रथी राजाराम बस्नेतले तोकिएको समयसीमा २०८३ चैतमै सम्पन्न गर्ने गरी काम भइरहेको बताए । 'नेपाल सरकारबाट हामीलाई २०८३ चैत मसान्तसम्मको समयसीमा प्राप्त छ । सोही अनुसार समयमै सक्नेगरी काम भइरहेको छ,' प्रवक्ता बस्नेतले भने ।

अहिलेसम्म फास्ट ट्र्याकको भौतिक प्रगति ४५.१६ प्रतिशत रहेको उनले जानकारी दिए । वित्तीय प्रगति भने ४५.३३ प्रतिशत रहेको छ । यो फास्ट ट्रयाकमा १०.९७९ किलोमिटर सुरुङ मार्ग छ । जसमध्ये लेन डाँडाको १.६२६ र धेद्रेको १.६९१ सुरुङको ब्रेक थ्रु भइसकेको छ । महादेवटार सुरुङमार्गको ७० प्रतिशत काम सम्पन्न भएको छ ।

सहायक रथी बस्नेतका अनुसार फास्ट ट्र्याक अन्तर्गत बन्नुपर्ने ८९ वटा पुलमध्ये १३ वटा निर्माण सम्पन्न भइसकेका छन् भने ८५ वटाको ठेक्का भएर काम सुरु भएको छ । फास्ट ट्रयाक निर्माण गर्ने क्रममा ५४ हजार रुख कटान भएका थिए । हालसम्म ७ लाख ५० हजार नयाँ बिरुपा रोपिएको र ती मध्ये १ लाख ५१ हजार हुर्काएर सामुदायिक वनलाई हस्तान्तरण गरिएको प्रवक्ता बस्नेतले जानकारी दिए ।

खोकना विवाद भने अहिलेसम्म सुल्झन सकेको छैन । सबै निकायबाट विवाद सुल्झाउने प्रयास भइरहेको सेनाले बताएको छ ।

## स्पेनको राहदानी समस्यामा परराष्ट्र मन्त्रालय जानकार

बार्सिलोना । स्पेनमा नेपाली नागरिकलाई राहदानी बनाउने क्रममा देखिएको समस्याबारे परराष्ट्र मन्त्रालय जानकार रहेको जनाएको छ । मन्त्रालयले यसको समाधानका लागि आवश्यक समन्वय र गृहकार्य प्राथमिकताका साथ अघि बढाइरहेको बताएको छ ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले भने, 'यस विषयमा मन्त्रालय जानकार छ । यसको उचित समाधानका लागि उपलब्ध विकल्पहरूमा आवश्यक समन्वय र गृहकार्य प्राथमिकताका साथ भइरहेको छ ।' उनका अनुसार समस्या समाधानका लागि परराष्ट्र मन्त्रालयले प्रक्रिया सुरु गरिसकेको छ । 'स्पेनमा राहदानी बनाउने सम्बन्धमा उठाइएका विषयहरू हामीकहाँ प्राप्त भइसकेका छन् र त्यसमा काम सुरु गरिसकेका छौँ,' उनले बताए ।

स्पेन सरकारले कागजातविहीन आप्रवासीलाई कानुनी हैसियत दिने प्रक्रिया अघि बढाएको छ । तर, ठूलो संख्यामा यहाँ रहेका नेपालीहरू राहदानी अभावका कारण वैधानिक प्रक्रियाबाट बाहिरिन सक्ने चिन्ता व्यक्त भइरहेका बेला मन्त्रालयको यो प्रतिक्रिया आएको हो । स्पेनको कागज पाउने आशा, तर हातमा छैन आफ्नै देशको प्रमाण

यसअघि स्पेनस्थित नेपाली समुदाय, एनआरएनए स्पेन तथा विभिन्न सामाजिक अगुवाहरूले राहदानी सेवा विस्तार, एपोइन्टमेन्ट प्रणाली सहज बनाउन र आवश्यक परे घुम्ती कन्सुलर सेवा सञ्चालन गर्न परराष्ट्र मन्त्रालयको ध्यानाकर्षण गराएका थिए ।

# सुदूरपश्चिममा निर्वाचनका लागि ७ हजार प्रहरी परिचालन हुने, ४ जिल्लामा विशेष सुरक्षा




धनगढी । सुदूरपश्चिम प्रदेशमा चुनावी सुरक्षाका लागि सात हजार बढी प्रहरी परिचालन गरिने भएको छ ।

२१ फागुनमा हुने निर्वाचनका प्रदेश प्रहरी कार्यालय धनगढीले सुरक्षा चुनौती विश्लेषण गर्दै सोही अनुसार प्रहरी र निर्वाचन प्रहरी परिचालन गरिने जानकारी दिएको हो ।

प्रदेश प्रहरी कार्यालयका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक( एसएसपी) पदमबहादुर विष्टले निर्वाचनका लागि सात हजार ५८ जना प्रहरी परिचालन गरिने जानकारी दिए ।

उनकाअनुसार प्रहरीसँगै निर्वाचन प्रहरी समेत सहयोगी भूमिकामा खटिनेछ । ९ वटै जिल्लामा १३ हजार ६६९ जना निर्वाचन प्रहरीलाई खटाइने एसएसपी विष्टले बताए । सशस्त्र प्रहरीतर्फ भने एक हजार ५१९ निर्वाचन प्रहरी रहनेछन् ।

२१ फागुनमा हुने निर्वाचनका लागि सुदूरपश्चिममा १७ लाख १६ हजार ६७५ मतदाता रहेका छन् । उनीहरू मध्ये आठ लाख ६४ हजार ४२३ महिला र आठ लाख ५२ हजार २१९ पुरूष मतदाता रहेको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ ।

सुरक्षा संवेदनशीलताका आधारमा मतदानस्थलको वर्गीकरण गर्दै सोही अनुसार व्यवस्था मिलाइएको जनाएको छ । प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) विष्टकाअनुसार सुदूरपश्चिममा एक हजार १७६ मतदान स्थल र दुई हजार १९९ मतदान केन्द्र रहेका छन् । तीमध्ये मतदान स्थल ३०० सामान्य, ३९५ संवेदनशील र ४८१ अतिसंवेदनशीलको सूचीमा राखिएको छ ।

यस्तै मतदान केन्द्रतर्फ ४५६ सामान्य, ७५७ संवेदनशील र ९८६ अतिसंवेदनशीलको सूचीमा छन् । सामान्यमा मतदान केन्द्रमा ५ जना, संवेदनशीलमा ६ जना र अतिसंवेदनशीलमा १० जना प्रहरी परिचालन हुनेछन् ।

मतदान स्थलको भित्री सुरक्षामा उनीहरू परिचालन भएपनि बाहिरी सुरक्षामा भने थप प्रहरी खटाइने एसएसपी विष्टले बताए ।

सुदूरपश्चिम प्रदेशमा योपटक २४ राजनीतिक दलले निर्वाचनमा भाग लिएका छन् ।

चार जिल्लामा विशेष सुरक्षा प्रहरीले सुदूरपश्चिमका चार जिल्लालाई अतिसंवेदनशीलको सूचीमा राख्दै विशेष सुरक्षा व्यवस्था मिलाएको छ ।

विगतका निर्वाचनमा भएका घटना लगायतका आधारमा बाजुरा, बझाङ, अछाम र दार्चुलालाई अतिसंदेनशीलको सूचीमा राखेको छ । यी जिल्लाका मतदान स्थल र मतदान केन्द्रमा विशेष सुरक्षा व्यवस्था मिलाइएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ । यसैबीच, सुदूरपश्चिम प्रदेशको चुनाव केन्द्रीत सुरक्षा अवस्थाको विश्लेषणका लागि एआईजी हिमालय श्रेष्ठ नेतृत्वको विशेष टोली धनगढी पुगेको छ ।

प्रहरी प्रधान कार्यालयले श्रेष्ठको नेतृत्वमा पठाएको टोली आइतबार धनगढी पुगेको छ । उक्त टोलीले प्रदेशको सुरक्षा अवस्थाको विश्लेषण गर्दै जनशक्ति परिचालन लगायतका विषयमा अध्ययन गर्नेछ ।

## राजमुपाको घोषणापत्र : दलका एजेन्डामा बहसदेखि संविधान पुनर्लेखनसम्म



बुटवल । राष्ट्रिय जनमुक्ति पार्टी (राजमुपा) ले २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि घोषणापत्र सार्वजनिक गरेको छ । रुपन्देहीको मंगलापुरस्थित पार्टी केन्द्रीय कार्यालयमा पार्टी अध्यक्ष केशवबहादुर थापा र महासचिव टोप अस्लामी लगायतका नेताले चुनावी घोषणापत्र सार्वजनिक गरेका हुन् ।

घोषणापत्रमा हालको संविधान अनुसारको संघीय मोडल र निर्वाचन प्रणाली त्रुटिपूर्ण रहेकाले शक्तिशाली राज्य पुनर्संरचना आयोग गठन गरी त्यसले सुझाए बमोजिमको संघीय मोडलमा जानुपर्ने र दलहरूबीच सहमतिका आधारमा संविधान पुनर्लेखन गर्नुपर्ने विषय प्राथमिकतामा छ ।

जेनजी आन्दोलनपछि मध्यावधि चुनाव हुन लागे पनि संविधान संशोधन वा पुनर्लेखन नभई चुनावले मात्र देशलाई निकास नदिने सो पार्टीको ठहर छ ।

केन्द्रीय तहमा राष्ट्रपति रहने व्यवस्था भन्दा क्लस्टरमा आधारित संसद्ले चुन्ने राष्ट्रपति मण्डल उपयुक्त हुने र कार्यकारी प्रधानमन्त्री प्रत्यक्ष निर्वाचित हुने, मन्त्री मण्डल सांसद र गैर सांसद दुवैबाट बनाउन सकिने व्यवस्था उचित हुने र प्रदेश मुख्यमन्त्रीको प्रत्यक्ष निर्वाचित हुनुपर्ने घोषणापत्रमा उल्लेख छ ।

अहिलेको निर्वाचन प्रणालीले कुनै दलको बहुमत नआउने भएकाले संसद्मा प्रतिनिधित्व गर्ने सबै दलबीच सहमति र सहकार्य गरेर अघि बढ्नुपर्ने पार्टीका अध्यक्ष थापाले बताए ।

रास्वपा र प्रधानमन्त्रीका उम्मेदवार बालेन शाहप्रति इंगित गर्दै अध्यक्ष थापाले चुनावको मुखमा एजेन्डामा बहस हुनुको साटो अमूक पात्र र उसका गतिविधिबारे बहस हुने अवस्था आएको टिप्पणी गर्दै दलका विचार, एजेन्डा, नीति र कार्यक्रममा बहस गरेर त्यसका आधारमा मतदानमा सहभागी हुन आग्रह गरे । 'अहिले कुनै एक पात्रको बारेमा चर्चा र बहस भइरहेको अवस्था छ, यसले देशलाई ठीक दिशामा लैजान्न, दलहरुका विचार,एजेन्डा, नीति र कार्यक्रममाथि बहस हुनुपर्छ, आम मतदातालाई प्रष्ट पार्नुपर्छ,' थापाले भने ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विशेषता भएको मुलुक भएकोले राज्यका निकायमा सबैको प्रतिनिधित्व सहितको शासन आवश्यक भएको घोषणापत्रमा उल्लेख छ ।

नेपालमा कुशासन, गरिबी, बेरोजगारी, परनिर्भरता र नागरिकहरू विदेश पलायनको अवस्थाको मूल कारण भ्रष्टाचार रहेको हालसम्मका सबै भ्रष्टाचारको छानबिन गरी ठहर भएकालाई देशद्रोही घोषणा र तिनीहरूको सम्पत्ति राष्ट्रीयकरण गरिनुपर्ने सो पार्टीको प्रतिबद्धता छ ।

नागरिकता परित्याग गरेको अवस्थामा बाहेक कुनै पनि नेपालीको नागरिकता खारेज गरिन नहुने, औद्योगीकरणमा मौलिक मोडेल अपनाई नेपालमै पाइने कच्चा पदार्थमा आधारित उद्योग धन्दाको विकास पहिलो प्राथमिकता, निर्यातमूलक उद्योगलाई लगानी प्रोत्साहन र सुरक्षा सुनिश्चित गरी आत्मनिर्भर र निर्यातमूलक औद्योगिक विकास गरिनुपर्ने सो पार्टीको प्रतिबद्धता छ ।

नेपालमा सबै क्षेत्रमा लगानी र खर्चको लागि वैदेशिक ऋण भित्राउने परिपाटीले मुलुकलाई गम्भीर संकटतर्फ धकेलेको ठहर गर्दै पार्टीले अनुत्पादक कार्य वा खर्च प्रयोजनका लागि वैदेशिक ऋण लिने कार्यलाई निरुत्साहित गर्ने, उत्पादनजन्य र प्रतिफल दिने परियोजनाहरूका लागि सरकार, उद्यमी र नागरिकको समान लगानी रहने त्रिपक्षीय अर्थ प्रणालीको मोडेल लागु गरिनुपर्ने सो पार्टीको प्रतिबद्धता छ । वैदेशिक रोजगारीको शर्त कामको दक्षता, कामदारको आत्मसम्मान र व्यक्तिगत सुरक्षाको प्रत्याभूति अनिवार्य गरिनुपर्ने र यसको लागि राज्यलाई नै जवाफदेही बनाउने, करकाप, लोभलालच वा भ्रममा पारी वैदेशिक रोजगारीमा लैजाने कार्यलाई जघन्य अपराध घोषित गरी कडा दण्ड सजाय गरिने सो पार्टीको प्रतिबद्धता छ ।

२०४७ सालमा स्थापना भई २०४८ देखि संसदीय चुनावमा भाग लिंदै आएको यो पार्टी दुई वर्ष अघि विभाजित भएर एउटा समूहले नेपाल जनमुक्ति पार्टी गठन गरेको छ । विगतको चुनाव चिह्न घर नेपाल जनमुक्ति पार्टीले पाएपछि यो दलले दुई हात मिलाएको चिह्न पाएको छ ।

पार्टीले लुम्बिनी प्रदेशका १० क्षेत्रमा प्रत्यक्षतर्फ र १२ जनालाई समानुपातिक उम्मेदवार बनाएको छ ।

## एनआरएनएको १२ औं सम्मेलन फागुन ३० मा




काठमाडौं- गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)को १२ औं गैरआवासीय नेपाली विश्व सम्मेलन तथा बृहत् अन्तरराष्ट्रिय महाधिवेशन आगामी फागुन ३० देखि हुने भएको छ ।

महाधिवेशनको तयारीबारे जानकारी दिन आज यहाँ आयोजित पत्रकार सम्मेलनपछि जारी संयुक्त विज्ञप्तिमा महाधिवेशन आगामी फागुन ३० देखि चैत २ गतेसम्म सम्मेलन तय भएको जनाइएको छ ।

'हाम्रो एकता, समृद्धिको आधार' नाराका साथ हुने उक्त सम्मेलन आयोजनाका लागि परराष्ट्र मन्त्रीको अध्यक्षतामा एक उच्चस्तरीय आयोजक समिति गठन भइसकेको र समितिको सचिवालयका रूपमा सङ्घको सचिवालयले काम सुरु गरेको जानकारी दिइयो । 'नेपालीका लागि नेपाली' भन्ने नाराका साथ सन् २००३ मा सुरु भएको गैरआवासीय नेपाली अभियान विश्वभर रहेका नेपालीलाई एकैसुत्रमा बाँध्ने उद्देश्यका साथ अघि बढिरहेको पनि जनाइएको छ ।

'सङ्घको १० औं र ११ औं महाधिवेशनपछि संस्थाभित्र देखिएका सङ्गठनात्मक जटिलताहरूलाई आत्मसमीक्षा, संवाद र सहकार्यको बलमा चरणबद्ध रूपमा सम्बोधन गर्दै अन्ततः सन् २०२५ नोभेम्बर ३० मा प्रधानमन्त्री सुशीला कार्कीको रोहवरमा परराष्ट्र मन्त्रालयका प्रतिनिधिसहितको उपस्थितिमा गैरआवासीय नेपाली संघभित्र ऐतिहासिक तथा बृहत् एकता सम्पन्न भएको तथ्य विदितै छ । यो उपलब्धिले संघको एकता, स्थायित्व र भावी यात्राप्रतिको सामूहिक प्रतिबद्धतालाई थप सुदृढ बनाएको छ', विज्ञप्तिमा भनिएको छ ।

१२ औं गैरआवासीय नेपाली विश्व सम्मेलन तथा बृहत् अन्तरराष्ट्रिय महाधिवेशनसम्बन्धी तयारीका काम क्रमशः अगाडि बढिरहेको जनाइएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २७,
२०८२ साल माघ २० गते मंगलबार
3 FEBRUARY 2026, TUESDAY

# स्वास्थ्य बीमा सेवा खुम्चियो, ओपीडी २५ हजारसम्मको मात्रै

काठमाडौं- स्वास्थ्य बीमा गरेका परिवारले अब बहिरंग (ओपीडी) सेवामार्फत एक आर्थिक वर्षमा अधिकतम २५ हजारसम्मको मात्र उपचार सुविधा पाउने भएका छन्।

बोर्डले ओपीडी खर्चमा बढ्दो वित्तीय भार नियन्त्रण गर्दै बीमा कार्यक्रमलाई दिगो बनाउन उक्त सीमा तोक्ने निर्णय गरेको हो।

बोर्डका सूचना अधिकारी विकेश मल्लका अनुसार बिमित बिरामीलाई ओपीडी सेवामा वार्षिक २५ हजारसम्मको सुविधा उपलब्ध गराइने छ। त्यसपछिको सुविधा भने अस्पताल भर्ना (आईपीडी) र आकस्मिक (इमर्जेन्सी) सेवामार्फत उपयोग गर्न सकिने छ।

मल्लका अनुसार बोर्डको कूल खर्चमध्ये सबैभन्दा बढी ओपीडी सेवामा गएको देखिएको छ। सेवा प्रदायक संस्थालाई दिएको भुक्तानीको करिब ७१ प्रतिशत ओपीडी सेवामार्फत, १९ प्रतिशत आईपीडी र १० प्रतिशत इमर्जेन्सी सेवामा खर्च भइरहेको बोर्डको तथ्यांक छ।

यसले ओपीडी सेवामा अत्यधिक वित्तीय दबाब सिर्जना गरेको मल्लले बताए।

बोर्डले प्रत्येक महिनामा सेवाप्रदायक संस्थालाई दुई अर्बभन्दा बढी भुक्तानी गर्नुपर्ने हुन्छ। जसअनुसार वार्षिक रूपमा झन्डै २४ अर्बभन्दा बढी खर्च हुने गरेको छ। तर सरकारले चालु आर्थिक वर्षमा बोर्डलाई वार्षिक रूपमा १० अर्ब अनुदान दियो।

बोर्डको तथ्यांकअनुसार बिमितको प्रिमियमबाट करिब ४ अर्ब उठेको छ। यसरी हेर्दा बोर्डको आम्दानी स्रोत १४ अर्ब हुने देखिन्छ। तर खर्च भने २४ अर्बभन्दा बढी हुन्छ।

आम्दानी र खर्चबीचको ठूलो खाडल बन्दै गएपछि बीमा कार्यक्रम नै धराशायी बन्दै गएको विज्ञहरू बताउँछन्। बोर्डले लामो समयसम्मको भुक्तानी दिन नसकेपछि ठूला सेवा प्रदायक संस्थाले बीमा कार्यक्रम नै बन्द गरेका छन्। केहीले समयसीमा तोकेर नै बन्द गर्ने चेतावनी दिएका छन्।

बोर्डले सेवा प्रदायक संस्थालाई भुक्तानी दिन रकम नभएको भन्दै अर्थ मन्त्रालयसँग पैसा माग्दै छ। तर अर्थ मन्त्रालयले भने वार्षिक रूपमा तोकिएकोभन्दा बढी पैसा दिन नसक्ने जवाफ दिँदै आएको छ।

सरकारले प्रत्यक्ष रूपमा असहयोग गरेपछि कार्यकारी निर्देशक डा. रघुराज काफ्लेले राजीनामा दिएका छन्। स्वास्थ्य मन्त्री डा. सुधा शर्माले मन्त्रालयबाट कामकाजका लागि डा. कृष्णप्रसाद पौडेललाई बोर्डको जिम्मेवारी दिएकी छिन्।

'राज्यले तोकेको १४ अर्बको सीमा भित्र बीमा कार्यक्रम सञ्चालन गर्नुपर्ने अवस्था छ,' मल्लले अनलाइनखबरसँग भने, 'यसका लागि अनावश्यक खर्च नियन्त्रण गर्दै ओपीडी सेवाको उपभोगलाई प्रभावकारी बनाउन सीमा आवश्यक भएको हो।'

उनका अनुसार उक्त निर्णय विज्ञ समिति, प्रा.डा. प्रदीप वैद्य नेतृत्वको टोलीले गरेको सिफारिसका आधारमा लिइएको हो। समितिले करिब तीन महिनाको अध्ययनपछि ओपीडी खर्चलाई २५ हजारमा सीमित गरी बाँकी रकम आईपीडी तथा इमर्जेन्सी सेवाका लागि सुरक्षित गर्न सुझाव दिएको थियो।

'बिरामीलाई सबैभन्दा बढी खर्च भर्नाको प्रक्रियामा पर्छ। लामो समय बस्नुपर्ने, आइसोलेसनमा बस्नुपर्ने अवस्थामा बढी खर्च हुन्छ। त्यसैले ओपीडीको खर्च सीमित गरेर भर्नाको लागि पर्याप्त रकम सुरक्षित गर्न सकिने विज्ञको भनाइ थियो,' मल्लले भने। तर, गम्भीर (कडा) रोगका लागि पहिलेदेखि उपलब्ध एक लाख रुपैयाँको सुविधा यथावत रहने छ। त्यसमा ओपीडी सीमा लागु हुने छैन।

त्यस्तै, पाँच सदस्यभन्दा बढीको परिवारले अतिरिक्त रकम तिरेको हकमा भने प्रतिव्यक्ति ओपीडीको समयसीमा ५ हजार थपिने छ।

यो व्यवस्था फागुन १ देखि कार्यान्वयनमा ल्याउने निर्णय भएको बोर्डले जनाएको छ। त्यसअघि आवश्यक प्रणाली विकास र प्राविधिक तयारीका काम पूरा गरिने सूचना अधिकारी मल्लले बताए।

बीमा कार्यक्रमलाई दीर्घकालीन रूपमा दिगो बनाउन दिशामा उक्त कदम चालिएको बोर्डको ठहर छ।

बिरामी भएपछि मात्रै स्वास्थ्य बीमामा आबद्ध हुने प्रवृत्ति बढ्दै गएको छ। स्वास्थ्य बीमा बोर्डका अनुसार यसलाई स्वास्थ्य बीमाको एडभर्स सेलेक्सन भनिन्छ, जहाँ बिरामी पर्ने निश्चित भएपछि मात्रै बीमा गर्न इच्छुक हुनेहरूको संख्या बढ्दो छ।

मल्लका अनुसार बिरामी भएपछि मात्रै बीमा गर्ने प्रवृत्ति र ज्येष्ठ नागरिकको सेवा उपयोग अत्यधिक हुनु बीमामा वित्तीय जोखिम बढ्नुका मुख्य कारण हुन्।

बोर्डले गरेको प्रारम्भिक अध्ययनले पनि यस्तो प्रवृत्ति पुष्टि गरेको उनले बताए।

उनका अनुसार पहिले स्वास्थ्य बीमामा आबद्ध भएपछि सेवा लिन चार महिना कुर्नुपर्ने व्यवस्था थियो। तर सो अवधि घटाएर एक महिना बनाइएपछि सर्वसाधारणलाई सेवा लिन सहज भए पनि बीमाको वित्तीय जोखिम भने बढेको देखिएको छ।

'अहिले बीमा सक्रिय हुनेबित्तिकै अस्पताल जाने र सेवा लिने प्रवृत्ति बढेको छ,' मल्लले भने, 'यसले बिरामी भइसकेपछि मात्रै बीमा गर्ने चलन बढाएको छ।'

नसर्ने रोगको उपचारमा बीमा कार्यक्रमको भार बढ्दै गएको छ। उपचार खर्चको ठूलो हिस्सा औषधिमा खर्च भइरहेको मल्लले बताए। एडभर्स सेलेक्सनका कारण उपचार आवश्यक पर्ने समूह मात्र बीमामा आबद्ध हुने र निरोगी तथा सक्षम वर्गको सहभागिता घट्दै जाँदा बीमा कोषमा असन्तुलन देखिएको उनको भनाइ छ।

पाँच वर्ष भित्र सबै नागरिकलाई समेट्ने लक्ष्यसहित आर्थिक वर्ष २०७१/७२ मा सुरु गरिएको बीमा कार्यक्रम एक दशकमा सबै जिल्लामा विस्तार भएको छ। तर अपेक्षित सहभागिता भने हुन सकेको छैन। सरकारले स्वास्थ्य बीमाको वार्षिक प्रिमियम शुल्क ३ हजार ५०० रुपैयाँ तोकेको छ। तर बीमामा नागरिक थप्न जति कठिन छ, उनीहरूलाई हरेक वर्ष नवीकरण गराउन त्यति नै चुनौतीपूर्ण रहेको बोर्डका अधिकारीहरू बताउँछन्।

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
टेकु, काठमाडौं, नेपाल, फोन : ९७७-०१-४१००२२३
Health Insurance Board

## अन्तराष्ट्रिय

# भारतसाग अमेरिकाको व्यापार सहमति



काठमाडौं – अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतीय सामाग्रीमाथि लादै आएको भन्सार शुल्क २५ प्रतिशतबाट १८ प्रतिशतमा झारिएको घोषणा गरेका छन्। रुसबाट तेल खरिद बन्द गर्न भारत तयार भएसँगै ट्रम्पले यस्तो घोषणा गरेका छन्।

भारतले अब अमेरिकामाथि लगाएका व्यापार अवरोधहरुलाई पनि कम गर्नेछ। त्यस्तै, रुसको साटो अमेरिका र भेनेजुएलासँग तेल किन्नेछ।

'नरेन्द्र मोदीको आग्रहमा उनीसँगको मित्रता र सम्मानका कारण हामी तत्कालै अमेरिका र भारतबीच व्यापार सम्झौता गर्न सहमत छौं,' मोदीसँगको टेलिफोन संवादपछि ट्रम्पले सामाजिक सञ्जालमा लेखेका छन्। ५ सय बिलियन डलरभन्दा धेरै मुल्य बराबरको अमेरिकी उर्जा, प्रविधि, कृषि र अन्य उत्पादक किन्नका लागि पनि मोदी प्रतिवद्ध रहेको ट्रम्पले बताएका छन्।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले यस निर्णयबाट खुसी रहेको बताएका छन्। 'मित्र ट्रम्पसँग कुराकानी गर्न पाउँदा निकै खुसी लागेको छ। भारतमा बनेका सामाग्रीमाथि अब भन्सार घटेर १८ प्रतिशतमात्रै लाग्नेछ, यसले हर्षित छु' मोदीले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, ' भारतका १ अर्ब ४० करोड जनताको तर्फबाट ट्रम्पलाई यस घोषणाका लागि धन्यवाद् छ।'

विश्वका दुई ठूलो प्रजातान्त्रिक देशबीच लामो समय चलेको व्यापार तनावपछि यस्तो सहमति भएको हो। गत अगस्टमा ट्रम्पले भारतबाट अमेरिकामा आयात हुने सामाग्रीमा भन्सार शुल्क दोब्बर बनाएर ५० प्रतिशत पुऱ्याउने चेतावनी दिएका थिए।

भारतलाई रुसी तेल खरिद नगर्नका लागि दबाब दिन यसरी भन्सार शुल्क बढाइएको थियो। यसै महिनाको सुरुवातमा अमेरिकाले रुससँग तेल खरिद बन्द गर्नका लागि फेरि दबाब दिएको थियो।

भ न जु ए ला का तेल खरिद गर्न पनि अमेरिकाले आव्हान गरेको थियो। भारतले वर्षौंदेखि भेनेजुएलासँग तेल किनिरहेको थियो। पछिल्लोपटक एक वर्षअघिसम्म पनि भारतले भेनेजुएलाबाट तेल किनेको थियो। तर, अमेरिकामा ट्रम्प राष्ट्रपति चुनिएर आएसँगै भेनेजुएलाको तेल खरिद गर्नेहरुमाथि उनले प्रतिबन्ध लगाउन थाले। त्यसपछि भारत पछि हट्यो।

अहिले त्यहाँका राष्ट्रपति निकोलास मदुरोलाई अपहरण गरेर अमेरिकाले मुद्दा चलाइरहेको छ। अब भेनेजुएलाको तेललाई अमेरिकाले नै विश्वबजारमा बेच्ने तयारी थालेको छ। यस विषयमा भेनेजुएलाकी अन्तरिम राष्ट्रपति डेल्सी रोड्रिग्वेजले पनि सहमति दिएकी छिन्।

भारतमा तेल आयात उच्च छ। यहाँ झन्डै ९० प्रतिशत तेल विदेशबाट आउँछ। सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण सुरु गरेपछि पश्चिमा बजारमा रुसी तेलको निर्यात बन्द भयो। त्यसयता, रुसले सस्तोमा भारतलाई तेल बेच्दै आएको छ। जसकारण, रुससँग भारतको निर्भरता बढ्यो।

**मन्त्री पद...**

छाडेकाहरूलाई दोष नलगाउन सांसदहरूलाई आग्रह समेत गरिन्। 'खासमा दोष लगाउने हो भने मलाई लगाउनुस्, उनीहरूलाई नलाउनुस्,' उनले भनिन्, 'मैले त्यतिखेर सरकार बनाउनैका लागि वचन दिएको थिएँ – जुन दिन तपाईंहरू जाने हो, त्यो दिन बिदाइ गर्छु।'

उनले मन्त्री पद छाडिसकेपछि पूर्वमन्त्रीहरूसँग कुनै सम्पर्क नरहेको पनि स्पष्ट पारिन्। 'हामीहरू कसैसँग सम्पर्कमा पनि छैनौं। यो गलत भाष्य हो,' उनले भनिन्।

प्रधानमन्त्री कार्कीले पूर्वमन्त्री महावीर पुन कानुन निर्माण सम्बन्धी विषयमा असन्तुष्ट भएर बाहिरिएको दाबी गरिन्। उनका अनुसार पुनले केही महत्त्वपूर्ण कानुन बनाउन आग्रह गरेका थिए। 'दुई-चार कानुन बनाउन भन्नुभएको थियो। ती कानुन राम्रै थिए,' प्रधानमन्त्री कार्कीले भनिन्, 'तर छिटो समयमा कानुन बनाएर सहयोग गर्न सकेनौं। अनेक परिस्थिति हुन्छन्, सबै कुरा सम्भव हुँदैन।'

प्रधानमन्त्री कार्कीले सरकार सञ्चालनमा व्यावहारिक जटिलता हुने उल्लेख गर्दै पूर्वमन्त्रीहरूको निर्णयलाई व्यक्तिगत अधिकारको विषयका रूपमा लिनुपर्ने धारणा व्यक्त गरिन्।

**त्रिभुवन विश्वविद्यालय...**

परीक्षालाई माघ २५ गतेदेखि विद्यार्थीको सम्बद्ध प्रदेशमै दिन पाउने व्यवस्था मिलाइएको छ।

'काठमाडौंमा हुने भनिएकोमा परीक्षार्थीहरुलाई पर्ने असुविधा तथा आर्थिक भारलाई मध्यनजर गर्दै पूर्ववत सूचनाअनुसार हुने भनिएका परीक्षा क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय अन्तर्गत न्यूनतम एउटा परीक्षा केन्द्र रहने गरी २०८२ साल माघ २५ गतेदेखि सञ्चालन हुने', सूचना प्रकाशन गरी जनाइएको छ।

यसअनुसार मानविकी तथा सामाजिक शास्त्र, शिक्षा शास्त्र, व्यवस्थापन सङ्काय तथा विज्ञान तथा प्रविधि अध्ययन संस्थानतर्फका परीक्षार्थीले आंशिक वा मौका परीक्षा दिन पाउने छन्।

'परीक्षालाई विकेन्द्रित गर्दै लैजान यसो गरेका हौं,' परीक्षा नियन्त्रक लक्ष्मण पौडेलले भने। तीन वर्षे स्नातकजस्तै अन्य परीक्षालाई पनि यथासम्भव प्रदेशबाट गराइने उनले जानकारी दिए।

त्रिभुवन विश्वविद्यालयका स्ववियु सभापति दीपकराज जोशीले विद्यार्थीसँग भएको सहमतिअनुरुप परीक्षा प्रणाली सुधारमा ढिलो भइरहेको बताए।

**राष्ट्रिय युवा...**

मतदातामा जागरण ल्याउने, मतदानका लागि भयरहीय वातावरण बनाउने र उम्मेदवारसहितको सुरक्षा प्रवन्ध गर्ने जानकारी दिए।

त्यस्तै ६ हजार ७ सय ४३ वटै वडामा वडा कमाण्डर र १० हजार ९ सय ६७ वटै बुथमा बुथ कमाण्डर तोकिएको उनले बताए।

आम चुनावमा समृद्ध नेपालको सपना देख्ने, त्यसको पैरवी गर्ने र त्यसका लागि लागिपर्ने उम्मेदवारहरूलाई जिताउन प्रभावकारी रुपमा हस्तक्षेपकारी भूमिका निर्वाह गरिने पनि उनले बताए।

# 'सामाजिक सञ्जाल से लिब्रेटीले जनताको पक्षमा काम गर्न सक्दैनन्'

काठमाडा- नेकपा एमालेका महासचिव शंकर पोखरेलले सामाजिक सञ्जालको आडमा चर्चित बनाइएका व्यक्तिहरूले जनताको पक्षमा प्रभावकारी काम गर्न नसक्ने बताएका छन्। शुक्रबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा उनले निर्वाचन व्यक्तिको लोकप्रियताभन्दा राजनीतिक मुद्दाहरूको अनुमोदन हुनुपर्ने धारणा व्यक्त गरे।

'निर्वाचन भनेको राजनीतिक मुद्दाहरूबीचको प्रतिस्पर्धा हो,' महासचिव पोखरेलले भने, 'कुन राजनीतिक दलले कस्ता मुद्दा उठाएका छन् भन्ने आधारमा मतदाता निर्णय गर्नेपर्छ। सामाजिक सञ्जालबाट सेलिब्रेटी बनाइएकाहरूले जनताको पक्षमा काम गर्न सक्दैनन् – यो कुरा जनताले बुझ्न जरुरी छ।'

उनले राजनीतिक मुद्दा नै नभएका व्यक्तिहरूलाई मतदाताले चिन्नुपर्ने र मुद्दाकै आधारमा मतदान गर्नुपर्नेमा जोड दिए।

सोही अवसरमा महासचिव पोखरेलले आगामी २१ फागुनको निर्वाचनपछि एमाले पहिलो पार्टी बन्ने दाबी समेत गरे। उनले एमालेको लोकप्रिय मत अघिल्लो निर्वाचनको तुलनामा बढ्ने विश्लेषण प्रस्तुत गरे।

'अघिल्लो निर्वाचनमा एमालेले करिब २७-२८ प्रतिशत लोकप्रिय मत ल्याएको थियो,' उनले भने, 'यसपटक त्यो बढेर ३० देखि ३४ प्रतिशतसम्म पुग्ने हाम्रो विश्लेषण छ। जनमत धेरै ठाउँमा विभाजित भयो भने हामी बहुमत ल्याउँछौं, थोरैमा बाँडियो भने पनि एमाले पहिलो पार्टी बन्नेछ।'

महासचिव पोखरेलले सामाजिक सञ्जालमा देखिने भीड र मतदानमा खस्ने मत फरक कुरा भएको उल्लेख गर्दै मतदातालाई यथार्थपरक मूल्याङ्कन गर्न आग्रह गरे।

# बालेन लक्षित ओलीको टिप्पणी–'बतासका खेती गरिरहेका छन्'

काठमाडौं। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आगामी निर्वाचनमा देश जलाउने कि बनाउने भन्नेबीच प्रतिस्पर्धा हुने बताएका छन्। आफूलाई 'देश बनाउने' कित्तामा उभ्याउँदै उनले आगामी निर्वाचनमा देश हार्न नहुने बताए।

शनिबार काठमाडौंको चाबहिलमा ओखलढुंगा- काठमाडौं सम्पर्क मञ्चद्वारा आयोजित प्रतिनिधि सभा निर्वाचन केन्द्रित कार्यकर्ता भेलालाई सम्बोधन गर्दै ओलीले भने, 'तपाईंहरुले देशलाई विजयी बनाउनु हुनेछ, १६५ मध्ये एउटा ठाउँमा पनि देश हार्न हुँदैन।' उनले चुनावमा झापा क्षेत्र नम्बर ५ मा आफ्नो प्रतिस्पर्धी बालेन साहतर्फ इङ्गित गर्दै 'ठुटे सिङ लिएर सिंगौरी खेल्न' पुगेको टिप्पणी गरे। बालेनको नाम नलिई उनले थपे, 'मैले धेरै केही भन्नु पर्दैन। अण्डा दुई प्रकारका हुन्छन्- एउटा बतासे, एउटा साँच्चैको अण्डा। बतासे अण्डाबाट चल्ला निस्किँदैन।' ओलीले भने, 'यी बतासका खेती गरिरहेका छन्। यिनीहरुसँग संगठन छैन, उद्देश्य छैन, विचार छैन। भोलि उठी कहाँ जाने केही थाहा छैन। फर्की आउने हो कि हाइन, त्यो पनि थाहा छैन।'

ओली अझै चर्को रुपमा प्रस्तुत हुँदै भने, 'पुल्ठो झोस्न जान्या छ, आगो बाल्न जान्या छ, देश बिगार्न जान्या छ, भड्काउन जान्या छ, तोडफोड गर्न जान्या छ, लुटपाट गर्न जानेको छ, आगजनी गर्न जान्या छ। यस्ता कुराहरुलाई क्रान्ति भनेर महिमामण्डन गरेको छ। र, अरुमाथि विभिन्न प्रकारका आरोपहरु लगाएको छ।'

उनले यस्ता कुराहरुको प्रवाह नगर्न आग्रह गरे। उनीहरुको जनाधार नभएको टिप्पणी गर्दै ओलीले भने, 'यी आकाशे खेती हुन्। धर्तीमा उनीहरु जनतासँग पुग्या छैनन्। कहाँबाट कसले खेलाएका हुन् थाहा छैन। एउटा ह्वीम चलाइदिएको छ। एउटा मोबाइल भन्ने भाँडो, त्यही भाँडोबाट हौडलो मच्चाएको छ देशमा।'

ओलीले आफूहरुले पनि मोबाइल प्रयोग गर्ने बताउँदै भने, 'हामी देशका लागि काम गर्छौं र जनताको बीचमा छौं, जनताका साथमा छौं। देशलाई समृद्ध बनाउँछौं, सुरक्षित बनाउँछौं र जनतालाई सुखी जनता बनाउँछौं। हामी त्यो गन्तव्यबाट विचलित हुँदैनौं।'

# चलचित्र पत्रकार दिनेश सिटौलाको निधन




काठमाडौं । चलचित्र पत्रकार संघ नेपालका निवर्तमान अध्यक्ष दिनेश सिटौलाको निधन भएको छ । ग्राण्डी अस्पतालले विज्ञप्ति निकालेर उनको आज दिउँसो १२:४५ बजे निधन भएको जानकारी दिएको हो ।

अछाममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता तथा काठमाडौंका पूर्वमेयर बालेन्द्र शाह (बालेन) को चुनावी प्रचारमा सहभागी भइरहेका बेला एक्कासी बेहोस भएका थिए । त्यसपछि उनलाई सेनाको हेलिकप्टरमार्फत तत्काल काठमाडौं ल्याई काठमाडौं ग्राण्डी अस्पताल भर्ना गरिएको थियो ।

अस्पतालबाट जारी विज्ञप्तिमा लेखिएको छ, 'गम्भीर इन्टेन्सिभ केयरका बाबजुद ४८ घण्टापछि न्यूरोलोजिकल अवस्थामा कुनै सुधार देखा परेन र मस्तिष्कको कार्यक्षमता पुन: प्राप्तिको कुनै संकेत थिएन । बिरामीको परिवारलाई उनको अवस्थाबारे विस्तारमा परामर्श दिइयो । चिकित्सकीय प्रोटोकल अनुसार मस्तिष्कको कार्यक्षमता परीक्षण गर्न एप्निया परीक्षण गरियो जुन पोजेटिभ थियो, जसले स्वत: श्वासप्रश्वास नभएको जनाउँछ । र उहाँको १२:४५ बजे निधन भएको जानकारी गराउँछौं ।'

अस्पतालका अनुसार उनलाई सब-अरैक्नोइड हेमरेज भएको थियो । सब-अरैक्नोइड हेमरेज मस्तिष्कमा हुने रक्तस्रावको अत्यन्तै गम्भीर र ज्यान जोखिममा पार्ने अवस्था मानिन्छ । यो अवस्था तब हुन्छ, जब मस्तिष्कको सतह र त्यसलाई ढाक्ने झिल्ली (अरैक्नोइड मेम्ब्रेन) बीचको स्थानमा अचानक रगत जम्न थाल्छ । चिकित्सकका अनुसार यो ब्रेन हेमरेजको सबैभन्दा खतरनाक प्रकारमध्ये एक हो, जसमा तुरुन्त उपचार नपाए मृत्युदर निकै उच्च हुन्छ ।

उपचारमा खटिएका चिकित्सकले जनाएअनुसार सिटौलालाई भएको समस्या पनि यही सब-अरैक्नोइड हेमरेज हो । अस्पताल आइपुग्दा उनको चेतनास्तर अत्यन्तै न्यून थियो र अवस्था नाजुक थियो । अझ चिन्ताजनक कुरा के भने, अस्पताल ल्याइनुअघि करिब ४५ मिनेटसम्म मुटुको चाल बन्द भएको थियो ।

त्यसपछि सीपीआरमार्फत मुटुको चाल फर्काइए पनि, यति लामो समयसम्म मुटुको चाल बन्द हुँदा मस्तिष्कमा अक्सिजन नपुग्ने भएकाले उपचारको नतिजा जटिल हुन सक्ने चिकित्सकले बताएका छन् । यस्तो अवस्थामा छिट्टै सुधार आउने सम्भावना सामान्यतया न्यून हुन्छ । सब-अरैक्नोइड हेमरेजको प्रमुख कारणमध्ये एक हो । मस्तिष्कको नसामा भएको एन्युरिज्म फुट्नु । एन्युरिज्म भनेको नसा अस्वाभाविक रूपमा फुल्नु हो । धेरैजसो मानिसमा यस्तो एन्युरिज्म पहिलेदेखि नै हुन सक्छ, तर कुनै लक्षण नदेखिने भएकाले समयमै पत्ता लगाउन कठिन हुन्छ । अचानक रक्तचाप अत्यधिक बढ्नु, अत्यधिक तनाव, धूम्रपान, मदिरा सेवन वा केही अवस्थामा शारीरिक श्रमका कारण पनि एन्युरिज्म फुट्न सक्छ ।

यस रोगका लक्षण प्राय: अचानक र तीव्र रूपमा देखिन्छन् । जसमध्ये अत्यन्तै चर्को टाउको दुखाइ, वाकवाकी वा बान्ता,आँखा झिम्क्याउन गाह्रो हुनु, बेहोस हुनु वा झट्का लाग्नु प्रमुख हुन् । कतिपय अवस्थामा बिरामी एकाएक ढलेर बेहोस समेत हुन सक्छन् । यही कारणले यसलाई 'थन्डरक्ल्याप हेडेक' अर्थात् चट्याङ झैँ अचानक आउने टाउको दुखाइ पनि भनिन्छ । चिकित्सकका अनुसार यो रोग प्राय: ६० वर्षभन्दा माथिका व्यक्तिमा बढी देखिन्छ, तर पछिल्लो समय केही अवस्थामा कम उमेरका व्यक्तिमा पनि देखिन थालेको छ । उपचारका लागि बिरामीलाई तुरुन्तै सघन उपचार कक्षमा राखेर सीटी स्क्यान वा एमआरआईमार्फत रक्तस्रावको अवस्था पत्ता लगाइन्छ । एन्युरिज्म भएको पुष्टि भएमा शल्यक्रिया (क्लिपिङ) वा कोइलिङ जस्ता जटिल प्रक्रिया अपनाइन्छ । तर, प्रारम्भिक अवस्था अत्यन्तै गम्भीर भएकाले सबै केसमा अपेक्षित सुधार आउँछ नै भन्ने हुँदैन ।

युवासँग 'कुमारी'को छलफल :

# 'फिल्मले संस्कृति र मौलिकता देखाउनुपर्छ'




प्रणय दिवसको छेको पारेर माघ २३ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'कुमारी'को टिमले युवासँग फिल्म, संगीत र मिडियाको विषयमा रचनात्मक छलफल गरेको छ । बिहीबार काठमाडौंको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानको डबलीमा भएको कार्यक्रममा फिल्मको टिमसँगै विभिन्न क्याम्पसका विद्यार्थी र युवाहरूसहित ५ सयभन्दा बढी सहभागी थिए ।

कार्यक्रममा ३० जना युवाले आफ्ना विचार व्यक्त गर्दै 'कुमारी'का निर्देशक दिनेश राउतका अघिल्ला फिल्महरूको प्रशंसा गरेका थिए । फिल्म जीवन बुझ्ने माध्यम भएको बताउँदै उनीहरूले फिल्म र संगीतले नेपाली संस्कृति र मौलिकता देखाउनुपर्नेमा जोड दिए । नेपाली फिल्मले युवाको अपेक्षा गर्न नसकेकाले विदेशी फिल्मतर्फ आकर्षित हुनुपरेको समेत उनीहरूको गुनासो थियो ।

संगीततर्फ युवाहरूको अपेक्षा पनि स्पष्ट थियो- 'गीतमा हिरो-हिरोइनको लुक्सभन्दा पनि भावना चाहिन्छ । संगीत मनोरञ्जनका लागि मात्र होइन, जीवनसँग जोडिन सक्नुपर्छ ।' 'कुमारी'को गीत 'डोको बुन्ने'ले मौलिक 'एसेन्स' बोकेको भन्दै युवाहरूले प्रशंसा गरेका थिए । साथै, उनीहरूले मिडियाले तथ्यमा आधारित सूचना प्रवाह गर्नुपर्नेमा पनि जोड दिए ।

'कुमारी'का मुख्य अभिनेता अबिशेक खड्काले आफू पनि पश्चिमी फिल्मबाट प्रभावित भएको बताउँदै पछिल्लो समय नेपाली फिल्ममा प्रगति भइरहेको बताए । उनले आफ्नो फिल्म 'कुमारी' युवापुस्ताले अपेक्षा गरेजस्तो भएको भन्दै दर्शकलाई हेर्न आग्रह गरे । उनका अनुसार फिल्ममा प्रेमको विषयसँगै युवापुस्ताको भावना पनि समेटिएको छ ।

उक्त कार्यक्रममा फिल्मका निर्देशक दिनेश राउत, लेखक विकास सुवेदी, निर्माता महेन्द्र अधिकारी, पार्श्व गायक केहर सिंह, सञ्चारकर्मी नरेश भट्टराई, नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य तथा मदन पुरस्कार विजेता लेखक अमर न्यौपाने लगायतको पनि उपस्थिति रहेको थियो । उनीहरूले फिल्म र संगीतले युवापुस्तालाई निराश बनाउन नहुने धारणा व्यक्त गरेका थिए ।

# 'मोहर' जोडी बक्स अफिसमा आमनेसामने





यस वर्षको सफल फिल्म 'मोहर'मा अभिनेता पल शाह र अभिनेत्री बेनिशा हमालले जोडी भएर काम गरेका थिए । तर, यतिबेला रोचक संयोग के जुरेको छ भने दुवैको नयाँ फिल्म शुक्रबारबाट एकैसाथ प्रदर्शनमा आएका छन् । पल अभिनीत 'आ बाट आमा' र बेनिशा अभिनीत 'द ब्लू लाइट' बक्स अफिस प्रतिस्पर्धामा उत्रिएका हुन् । दुवै फिल्म विषयका हिसाबले भने फरक छन् ।

दुई फिल्ममध्ये शो संख्यामा 'आ बाट आमा' अगाडि देखिन्छ । यसले पहिलो दिन देशव्यापी १५० भन्दा बढी शो पाएको छ । केही शोमा टिकट बुकिङ पनि राम्रो देखिएको छ । अब दर्शकीय प्रतिक्रिया कस्तो प्राप्त हुन्छ, त्यसले फिल्मको व्यावसायिक भविष्य निर्धारण गर्नेछ । फिल्ममा बाबुआमा र सन्तानबीचको भावनात्मक सम्बन्धलाई केन्द्रमा राखेर कथा भनिएको छ ।

यता, देशभर ७२ शोसहित प्रदर्शनमा आएको 'द ब्लू लाइट'को टिकट बुकिङ अवस्था निराशाजनक देखिएको छ । जसले गर्दा बिहानी शोमा फिल्मको देशव्यापी अकुपेन्सी १० प्रतिशत पनि पुग्न सकेन । यस्तो अवस्थामा फिल्मलाई बक्स अफिसमा व्यापारिक गति बढाउन दर्शकबाट सकारात्मक 'वर्ड अफ माउथ' आवश्यक पर्ने देखिन्छ ।

चन्द्र पन्तको निर्देशनमा बनेको 'आ बाट आमा'मा पलसहित विपना थापा, प्रदीप रावत, साइग्रेस पोखरेल, उषा उप्रेती, सिम्रन पन्त, रचना गौतम, विशाल पहाडी, रवीन्द्र झा, गजित बिष्ट, दीलिप उखेडा, हेमराज अधिकारी लगायतको अभिनय रहेको छ । फिल्ममा ओमकार पन्त, कृष्णप्रसाद सुवेदी, ध्रुव न्यौपाने, प्रकाश कुँवर र क्षितिज ढुङ्गाना निर्मातामा छन् ।

त्यस्तै, बलिराम चौहानको निर्देशनमा तयार भएको 'द ब्लू लाइट'मा बेनिशासहित अर्पण थापा, आयुष्मान देशराज जोशी, सृष्टि श्रेष्ठ, महेश त्रिपाठी, सुरक्षा इटानी लगायतको अभिनय रहेको छ । बेनिशा यो फिल्मको कार्यकारी निर्माता समेत हुन् । बिहीबार साँझ काठमाडौंमा भएको प्रिमियरमा फिल्मको कथावस्तु, छायांकन र कलाकारहरूको अभिनयको प्रशंसा भएको थियो ।

# 'आ बाट आमा'लाई उल्लेख्य शो

गत मंसिरयता नेपाली फिल्महरूले अपेक्षित व्यापार गर्न नसक्दा फिल्म क्षेत्रमा अन्योलता छाएको छ । यस्तो परिस्थितिमा अब धेरैको आशा भोलि शुक्रबार (१६ माघ)बाट प्रदर्शन हुने दुई फिल्म 'आ बाट आमा' र 'द ब्लू लाइट'प्रति देखिन्छ । यी दुवै फिल्ममा स्थापित कलाकारहरूको पल्टन रहेकाले बक्स अफिस चलायमान हुने अपेक्षा गरिएको छ ।

बुधबारबाट देशभरका मल्टीप्लेक्सहरूले दुवै फिल्मको शो तालिका सार्वजनिक गर्दै अग्रिम टिकट बुकिङ खुला गरिसकेका छन् । दुई फिल्ममध्ये 'आ बाट आमा'ले उच्च शो पाएको छ । फिल्मलाई शुक्रबारका लागि देशव्यापी १३८ शो उपलब्ध भएको खल्ती एपमा देखिन्छ । यसमध्ये केही शोमा बुकिङ राम्रो देखिएको छ । 'द ब्लू लाइट'ले भने ६१ शो पाएको छ ।

यी दुवै फिल्म फरक शैली र विषयमा बनेका छन् । 'आ बाट आमा' आमा-छोराबीचको भावनात्मक सम्बन्ध, वैदेशिक रोजगारी र त्रिकोणात्मक प्रेमकथामा आधारित छ भने 'द ब्लू लाइट' साइकोलोजिकल थ्रिलर फिल्म हो । यस हिसाबले दुवै फिल्मका लक्षित वर्ग फरक छन् । अब दर्शकको रोजाइमा कुन पर्छ, त्यो प्रतीक्षाको विषय हो । चन्द्र पन्तको निर्देशनमा बनेको 'आ बाट आमा'मा विपना थापा, प्रदीप रावत (गजनी भिलेन), पल शाह, साइग्रेस पोखरेल, उषा उप्रेती, सिम्रन पन्त, रचना गौतम, विशाल पहाडी, रवीन्द्र झा, गजित बिष्ट, दीलिप उखेडा, हेमराज अधिकारी लगायतको अभिनय रहेको छ । फिल्ममा ओमकार पन्त, कृष्णप्रसाद सुवेदी, ध्रुव न्यौपाने, प्रकाश कुँवर र क्षितिज ढुङ्गाना निर्मातामा छन् । त्यस्तै, बलिराम चौहानको निर्देशनमा तयार भएको 'द ब्लू लाइट'मा बेनिशा हमाल, अर्पण थापा, आयुष्मान देशराज जोशी, सृष्टि श्रेष्ठ, महेश त्रिपाठी, सुरक्षा इटानी लगायतको अभिनय रहेको छ । बेनिशा यो फिल्मको कार्यकारी निर्माता पनि हुन् । उनले यसको डिजिटल अधिकार समेत खरिद गरेकी छन् । फिल्ममा निर्देशक चौहान स्वयंको लेखन रहेको छ ।

# युट्युबमा पनि 'ऊनको स्वीटर' सुपरहिट



अक्सर नेपाली फिल्म हलमा फ्लप र युट्युबमा सुपरहिट हुने गरेका छन् । युट्युबमा नि:शुल्क हेर्न पाइने सुविधा भएकाले प्राय: फिल्मलाई उल्लेख्य भ्यूज मिल्ने गरेको छ । यद्यपि, युट्युबमा भ्यूजको खडेरी देखिएका स्थापित कलाकारहरूकै फिल्म पनि धेरै छन् । यस्तोमा फिल्म 'ऊनको स्वीटर'ले हलसँगै युट्युबमा पनि लोभलाग्दो सफलता पाएको छ ।

७ दिनअघि युट्युबमा रिलिज भएको 'ऊनको स्वीटर' यस वर्षको सुपरहिट फिल्म हो । यसले प्रदर्शनको ५१ दिन मनाउँदै ११ करोड ४१ लाखभन्दा बढीको ग्रस व्यापार गरेको थियो । भारतमा पनि फिल्मले २ करोड ४० लाख नेरू (डेढ करोड भारू) कमायो । फिल्मसँगै यसमा समावेश 'फूल', 'चाइनेजो जिन्दगानीमा', 'काफ्ले' र 'मखमली' गीत पनि दर्शकमाझ उत्तिकै लोकप्रिय भए । हलमा रिलिज हुँदा सर्वाधिक चर्चामा रहेको यो फिल्मले युट्युबमा पनि ठूलै हलचल ल्याएको छ । रिलिजको ७ दिनमा ६६ लाखभन्दा बढीले फिल्म हेरिसकेका छन् । युट्युबको कमेन्ट सेक्सन प्रशंसाले भरिएको छ । कथादेखि संगीत, अभिनय, छायांकन, संवाद जस्ता पक्षलाई दर्शकहरूले १० मा १० रेटिङ दिएका छन् । धेरैले फिल्मको सिक्वेल बन्नुपर्ने माग समेत गरेका छन् ।

युट्युबमा फिल्मलाई अत्याधिक रूचाइएपछि अभिनेता विपिन कार्कीले बुधबार एक भिडियो सन्देशमार्फत दर्शकहरूप्रति आभार व्यक्त गरेका छन् । यस फिल्ममार्फत राष्ट्रिय अवार्डको दाबेदार मानिएका उनले भिडियोमा भनेका छन्, 'यस मायाको उत्तरमा मसँग शब्दहरू त कम छन् । तर, आभार साँच्चै गहिरो छ अनि प्रेम उत्तिकै गाढा छ ।'

नवीन चौहानको निर्देशनमा बनेको फिल्ममा विपिनसहित मिरूना मगर, एलेक्स पारस, परीक्षा लिम्बू, विल्सन विक्रम राई (तक्मे बुढा), सुनिल पोखरेल, सुरज तमु, भावना खपाङ्गी, माओत्से गुरुङ, प्रेम सुब्बा लगायतले अभिनय गरेका छन् । अन्तरजातीय प्रेमकथामा आधारित यस फिल्ममा चिन्तनराज भण्डारीको छायांकन तथा सुजन चापागाईंले संगीत छ ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- २७,
२०८२ साल माघ २० गते मंगलबार
3 FEBRUARY 2026, TUESDAY

# ६ महिनामा वीरगंजबाट विद्युतीय सवारीसाधनको आयातमा वृद्धि

वीरगंज । चालु आर्थिक वर्षको पहिलो ६ महिनामा वीरगंजबाट १ अर्ब ३६ करोड २९ लाख मूल्य बराबरका ४५६ वटा विद्युतीय सवारीसाधन आयात भएका छन् ।

गत आवको ६ महिनाको तुलनामा चालु आवमा सङ्ख्याको आधारमा विद्युतीय सवारीसाधनको आयात ३३२ ले बढेको छ । चालु आवको ६ महिनामा विद्युतीय सवारीसाधनको आयातबाट मात्रै ८७ करोड ८४ लाख रुपैयाँ राजस्व संकलन भएको छ ।

वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आर्थिक वर्षमा यो नाका हुँदै विद्युतीय सवारीसाधनको आयात बढेसँगै राजस्व संकलन पनि बढेको बताए ।

गत आवको ६ महिनामा भने ३० करोड २६ लाख रुपैयाँ मूल्यका १२४ विद्युतीय जीप, कार र भ्यान आयात भएको थियो । ती सवारीसाधनको



आयातबाट २४ करोड २९ लाख राजस्व संकलन भएको थियो ।

वीरगंज नाका हुँदै चालु आवको ६ महिनामा ९३ करोड रुपैयाँ मूल्यका इन्धनबाट चल्ने ४३४ जिप, कार र भ्यान आयात भएको छ । ती सवारीसाधनको आयात हुँदा २ अर्ब ५६ करोड रुपैयाँ राजस्व संकलन भएको छ ।

गत आवको ६ महिनामा भने १ अर्ब १७ करोड रुपैयाँ मूल्यका ५९२ इन्धनबाट चल्ने जिप कार र भ्यान आयात भएका थिए । गत आवको ६ महिनामा ती सवारीसाधनको आयातबाट ३ अर्ब ९ करोड रुपैयाँ राजस्व संकलन भएको थियो ।

# बैंकका प्रमुख कार्यकारीको तलब वृद्धि ३ वर्षदेखि रोकियो

काठमाडौं । पुनरवलोकन गर्ने भन्दै नेपाल राष्ट्र बैंकले ३ वर्षदेखि बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूको तलब वृद्धि रोकेको छ ।

केही बैंकका प्रमुख कार्यकारी अधिकृतलाई दिइएको तलबलाई आधार बनाएर पुनरवलोकन गर्ने भन्दै तलब बढाउन रोकेको राष्ट्र बैंकले अहिलेसम्म पनि अध्ययन गरेको छैन ।

तत्कालीन गभर्नर महाप्रसाद अधिकारीले बैंकका प्रमुख कार्यकारी अधिकृतको तलब बढि भएको निष्कर्ष निकालेका थिए । त्यही निष्कर्षलाई आधार बनाएर पुनरवलोकन गर्ने भनिएको थियो । तर, अहिलेसम्म नगर्दा ३ वर्षअघि प्रमुख कार्यकारी अधिकृतमा नियुक्त भएका कसैको पनि तलब बढेको छैन ।

तर, ३ वर्षयता नियुक्त भएका राष्ट्र बैंकका प्रमुख कार्यकारी




निर्देशकहरूले भने भविष्यको वृद्धि दरलाई समेत आधार बनाएर तलब प्याकेज लिइरहेका छन् ।

बैंकका सीइओको तलब कार्यसम्पादनसँग मेल खाएन : अध्ययन, राष्ट्र बैंकको शुत्रले जोखिम बढायो

'राष्ट्र बैंकको तजबिजी, अवैज्ञानिक र प्राकृतिक न्यायको सिद्धान्तविपरितको अडानले प्रमुख कार्यकारीहरू अन्यायमा परिरहेका छन्,' एक बैंकका सीइओले भने, निर्देशकले बिजमाण्डूसँग भने, ' मौद्रिक नीतिमा पनि लेखियो । त्यसै अनुसार अहिले तलब नबढाउनु भनेर सबै संस्थालाई पत्राचारसमेत गरियो । तर, अध्ययन अगाडि बढ्नै सकेन । अहिले के भइरहेको छ भन्ने मलाई थाहा हुने कुरा भएन ।'

प्रमुख कार्यकारी अधिकृतको तलबमा अङ्कुस लगाउने निर्देशिका पनि कार्यकारी निर्देशक हुँदा महाप्रसाद अधिकारीले नै तयार पारेका थिए । लगत्तै उनी डेपुटी गभर्नरमा नियुक्त भए । उनले बनाएको शुत्रअनुसार नै प्रमुख कार्यकारी अधिकृतको तलब सुविधा तोकिँदै आएको थियो । उनले १५ वर्षअघि कार्यकारी निर्देशक हुँदा बैंकको कर्मचारीको खर्चको बढीमा ५ प्रतिशत वा कुल सम्पत्तिको ०.०२५ प्रतिशतमध्ये जुन कम हुन्छ त्योभन्दा बढी तलब दिन नपाइने व्यवस्था गरेका थिए ।

बैंकको वासलात बढेसँगै खर्च पनि बढ्दै गयो । मासिक ६ अंकमा तलब खाइरहेका प्रमुख कार्यकारीहरूको वासलात बढेसँगै तलब सात अंकमा पुग्यो । अधिकारी गभर्नर भएर आएपछि प्रमुख कार्यकारी अधिकृतहरूको तलब बढि भएको निष्कर्षका आधारमा पुनरवलोकन गर्ने मौद्रिक नीतिमा लेखिएको थियो । अध्ययन गर्ने भएपछि राष्ट्र बैंकले सबै बैंक तथा वित्तीय संस्थालाई तलब नबढाउन पत्राचार गरेको थियो । सबैलाई पत्राचार भएपनि सिद्धार्थ बैंक छुटेको

'जबकी श्रम ऐनदेखि निजामति कर्मचारी ऐनसम्मले प्रत्येक २ वर्षमा पुनरवलोकन गर्नु पर्छ भन्छ ।'

तत्कालीन गभर्नर अधिकारीले अध्ययनको बहानामा रोकेको प्रमुख कार्यकारी अधिकृतको तलब वृद्धि त्यसपछि आएका गभर्नर डा. विश्वनाथ पौडेलसम्मले निरन्तरता दिएका छन् ।

'आन्तरिक अध्ययन गरेर पुनरवलोकन गर्ने भन्ने नीति थियो,' नियमन विभागका पूर्वकार्यकारी थियो । सिद्धार्थले पत्र नपाएपछि तलब बढाएको थियो । सिद्धार्थले तलब बढाएको भन्दै राष्ट्र बैंकले त्यहाँको संचालक समितिसँग स्पष्टीकरण नै सोधेको थियो । 'जोखिम कहाँको कहाँ पुगिसक्यो, बैंकहरूको वासलात कहाँ पुगिसक्यो, सबैको तलब सुविधा बढिसकेको छ । तर, प्रमुख कार्यकारी अधिकृतको मात्र रोक्नु कति जायज हो?,' अर्को एक प्रमुख कार्यकारी अधिकृतले भने, 'अध्ययनको बहानामा अनिश्चित कालसम्म वृद्धि रोक्नु अन्याय हो ।'

यसबारे बैंकर्स संघले राष्ट्र बैंकका नियमन विभागका हाकिमहरूसँग पटक-पटक कुरा गरिसकेको छ । तर, त्यहाँबाट सम्बोधन भएको छैन । ३ वर्षका बीचमा गभर्नर, डेपुटी गभर्नर लगायत राष्ट्र बैंकका कर्मचारीहरूको नियमित तलब वृद्धि भइसकेको छ । राष्ट्र बैंकले प्रमुख कार्यकारी अधिकृतको तलब पुनरवलोकन गर्ने बुँदा मौद्रिक नीतिमा लेखेपछि बैंकर्स संघले आन्तरिक अध्ययन गरेको थियो । अध्ययनमा सम्पूर्ण तलब सुविधासमेतलाई जोड्दा बैंकका हाकिमको तुलनामा राष्ट्र बैंकका कर्मचारीको तबल सुविधा बढी देखिएको थियो ।

संघका तत्कालीन अध्यक्ष भुवन दहालले गराएको अध्ययनको निचोड बाहिरिएपछि राष्ट्र बैंकका उच्च पदस्थहरू रिसाएका थिए । उनीहरू रिसाएपछि दहालले संघको अध्ययन सार्वजनिक नै गरेनन् ।

# सीतारमणले लिथियम आयोन ब्याट्री उत्पादनलाई गरिन् प्रोत्साहन

काठमाडौं- भारत सरकारले विद्युतीय सवारीसाधन (इभी) लाई प्रोत्साहन गर्ने नीतिसँगै सहुलियत योजनाहरूलाई यथावत राखेको छ । आर्थिक वर्ष २०२६/२७ को बजेटमार्फत ती नीतिलाई आगामी वर्ष झन् बलियो बनाउँदै लैजाने तय गरिएको हो ।

भारतीय वित्त मन्त्री निर्मला सीतारमणले अटो क्षेत्रका लागि सरकारले यसअघि ल्याइएका सबै नीति तथा सहुलियत योजनाहरूलाई निरन्तरता दिएकी हुन् । इभीमा प्रयोग हुने लिथियम आयन ब्याट्रीमा केही प्रोत्साहन ल्याउने योजना पनि उनले घोषणा गरेकी छन् ।

यो बजेटले इभीको ब्याट्री उत्पादनका लागि प्रोत्साहन गर्ने नीति लिँदै महत्त्वपूर्ण खनिजहरूमा शुल्क छुट र दुर्घटना क्षतिपूर्ति दाबीकर्ताहरूका लागि कर राहत पनि समावेश गरेको छ । यसले भारतीय अटो सेक्टरलाई 'बुस्ट' गर्ने जानकारहरू बताउँछन् ।

साथै, बायो ग्यास ब्लेन्डिङ र इभीका लागि आवश्यक इकोसिस्टमलाई बढावा दिने योजना पनि ल्याइएको छ । यो बजेटले भारतको ग्रीन इनर्जी र मोबिलिटी इकोसिस्टमलाई बलियो बनाउने उद्देश्य राखेको सरोकारवालाको दाबी छ ।

बजेटमार्फत बायो ग्यास ब्लेन्डिङ जस्तै सीएन्जी र पीएनजीमा कम्प्रेस्ड बायो ग्यास (सीबीजी) मिसाउने व्यवस्था अनिवार्य गरिएको छ ।

अर्थमन्त्री सीतारमणले बजेट घोषणा गर्दै भनेकी छन्, 'सरकारले उत्पादन र चार्जिङ पूर्वाधारलाई सपोर्ट गरेर विद्युतीय सवारी साधनको इकोसिस्टमलाई विस्तार र बलियो बनाउनेछ । भुक्तानी सुरक्षा संयन्त्रमार्फत सार्वजनिक यातायात संचालनका लागि विद्युतीय बसहरूको बढी प्रयोगलाई प्रोत्साहित पनि गरिनेछ ।'

२०२६/२७ को बजेटमा पुराना भइरहेका सहुलियतमा पनि



भारत सरकारले कुनै प्रकारको परिवर्तन गरेको छैन । सीतारमणले बजेटमार्फत अटोमोबाइल र अटो कम्पोनेन्ट क्षेत्रका लागि उत्पादन लिङ्क्ड इन्सेन्टिभ (पीएलआई) योजनासँग सम्बन्धित कुनै नयाँ उपाय वा महत्त्वपूर्ण परिवर्तनहरूको घोषणा गरेकी छैनन् ।

यस्तै, यो बजेटमा विद्युतीय कार र दुई पाङ्ग्रे सवारी साधनमा प्रयोग हुने लिथियम आयन ब्याट्री सस्तो हुने घोषणा गरिएको छ । यसकारण भारतमा इभीको मूल्यमा भारी गिरावट आउन सक्ने अनुमान गरिएको छ । इभी उत्पादनमा ४० प्रतिशत मूल्य ब्याट्रीमा निर्भर हुन्छ ।

बजेटले छुट प्राप्त पुँजीगत वस्तुहरूको सूचीमा इभी ब्याट्री उत्पादनका लागि ३५ वटा थप क्यापिटल गुड्स र मोबाइल फोन ब्याट्री उत्पादनका लागि २८ वटा थप क्यापिटल गुड्स थप्ने प्रस्ताव गरेको छ । 'यसले मोबाइल फोन र विद्युतीय सवारी साधन दुवैका लागि लिथियम-आयन ब्याट्रीहरूको घरेलु उत्पादनलाई बढावा दिनेछ,' सीतारमणले बजेट वक्तव्यमा भनेकी छन् ।

बजेटले कोबाल्ट पाउडर र वेस्ट, लिथियम-आयन ब्याट्रीको स्क्र्याप, लिड, जिंक जस्ता अन्य १२ थप महत्त्वपूर्ण खनिजहरूमा आधारभूत भन्सार शुल्क पूर्ण रुपमा छुट दिने प्रस्ताव पनि गरेको छ । सीतारमणले बजेट भाषणमा भनेकी छन्, 'यसले भारतमा ब्याट्री उत्पादनका लागि ती खजिनहरूको उपलब्धता सुरक्षित गर्न र हाम्रा युवाका लागि थप रोजगारी प्रवर्धन गर्न मद्दत गर्नेछ ।'

यसरी ब्याट्रीको उत्पादन लागत कम पर्ने हुँदा इभी आफैँ सस्तो हुन आउँछ । जसले इभीलाई सस्तो बनाउँछ ।

अहिले नेपालमा आइरहेका प्रायः भारतीय इभीहरू उत्पादन लागत धेरै भएर महँगोमा आयात भइरहेका छन् । तर, यो नयाँ व्यवस्थाले केही राहत दिने र नेपाल आयात हुने भारतीय गाडीहरू पनि केही हदसम्म सस्तो हुने अनुमान गरिएको छ ।

सेमिकन्डक्टर उत्पादनमा जोड

सीतारमणले सेमिकन्डक्टर उत्पादनमा छुट्टै सहुलियत योजनाहरू ल्याउने घोषणा पनि गरेकी छन् । सरकारले सेमिकन्डक्टर उत्पादनमा ल्याउने योजनाले भारतीय अटो क्षेत्रलाई राहत प्रदान गर्नेछ । इलेक्ट्रोनिक्स कम्पोनेन्ट्स म्यानुफ्याक्चरिङ योजनाअन्तर्गत ४० हजार करोड रुपैयाँ भारुको परिव्यय र भारत सेमिकन्डक्टर मिसन २.० को सुरुवात घरेलु मूल्य शृङ्खलालाई बलियो बनाउने दिशामा प्रमुख कदम मानिएको विभिन्न भारतीय संचारमाध्यमले उल्लेख गरेका छन् । यस्तै, अर्को रियर-अर्थ कोरिडोर र इज-अफ-डोइङ-बिजनेस रिफर्महरूले पनि लगानीकर्तालाई 'कन्फिडेन्स' दिने विश्वास लिएको छ ।

यो बजेटले जीएसटी राहत र उद्योगका लागि प्रोत्साहनका साथ ४ पाङ्गे सवारी साधन क्षेत्रलाई सहयोग गर्ने लक्ष्य राखेको छ । सरकारले जीएसटीमा ल्याएको केही परिवर्तनले इन्ट्री-लेभलका कारहरूको मूल्यमा १०-१२ प्रतिशतसम्म मूल्य घटाउने अनुमान गरिएको छ ।

पीएलआई योजना कस्तो हो?

अटोमोबाइल र अटो कम्पोनेन्टहरूका लागि पीएलआई योजना सेप्टेम्बर २०२१ मा २५ हजार ९३८ करोड भारुको परिव्ययमा स्वीकृत भएको थियो । यो योजना विशेषगरी उन्नत अटोमोटिभ टेक्नोलोजी (एएटी) सवारी साधन र कम्पोनेन्टहरूको प्रवर्धनमा केन्द्रित रहेको जनाइएको छ ।

यो योजनाले सेप्टेम्बर २०२५ सम्ममा ३५ हजार ६५७ करोड भारुको लगानी आकर्षित गरेको थियो । साथै, लगभग ४८ हजार ९७४ नयाँ रोजगारी सिर्जना भइसकेको छ । योजना अन्तर्गत भारतलाई विद्युतीय र हाइड्रोजन जस्ता अर्को नेक्स्ट जेनेरेसनको सवारीसाधनहरू उत्पादन गर्नका लागि विश्वव्यापी उत्पादन केन्द्र बनाउने उद्देश्य रहेको भनिएको छ ।

यसले गर्दा अहिले फोर्ड पुनः भारतमा लगानी गर्न फर्किएको छ भने टेस्ला र बीवाइडी जस्ता कम्पनीहरूले आफ्नो प्लान्ट भारतमा लगाउन स्थानीय पार्टनर खोजेर सरकारसँग छलफल गरिरहेका छन् । यस्तै, भिनफास्टले प्लान्ट लगाउने तयारी गरिसकेको छ । त्यसैले यो योजनालाई बजेट २०२६/२७ मा यथावत राखिएको जनाइएको छ ।

इभी, ब्याट्री र सार्वजनिक यातायातसँग सम्बन्धित योजनाहरूले सरकारको ध्यान हरित गतिशीलता र उत्पादन विस्तारमा रहेको स्पष्ट पारेको बताइएको छ । यी नीतिहरूले आगामी वर्षहरूमा भारतमा अटो क्षेत्रको दिशा र गति निर्धारण गर्ने विश्वास लिइएको छ ।

भारतको आर्थिक सर्वेक्षण २०२६ अनुसार भारतीय अटोमोबाइल उद्योगले ३ करोडभन्दा बढी मानिसहरूलाई प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी प्रदान गरिरहेको छ । त्यस्तै, यसले भारतको कुल जीएसटी संकलनमा लगभग १५ प्रतिशत योगदान गर्छ ।

भूकम्पबाट जोगिन सचेत बनौं

- भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं ।
- भूकम्पबाट जोगिन पूर्वतयारी गरौं ।
- आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं ।
- परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं ।
- भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं ।
- आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं ।

भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार